वर्ष : १६, अंक : ४१, काठमाडौं, २०७७ माघ १६ गते शुक्रबार, 29 January 2021, Friday पृष्ठ : ८, मूल्य रु : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/– (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## एक वर्षदेखि चीनको अघोषित नाकाबन्दी

### नेताहरूको राष्ट्रवाद नारामै सीमित, यता व्यवसाहीहरूको टाट पल्टदै

**मधेशवाणी डेस्क**

काठमाडौं । गत वर्ष कोरोनाभाइरस महामारी सुरु भएपछि प्रभावित भएको नेपाल-चीन व्यापार अझै लयमा फर्किन सकेको छैन । जसका कारण नेपाली व्यापारीहरुको अर्बौं रुपैयाँ बराबरको नोक्सान भएको छ ।

सन् २०२० को जनवरी महिनादेखि कडाइ गरिएका नेपाल र चीनबीचका दुई प्रमुख नाका केरुङ र तातोपानीको अवस्थामा अहिलेसम्म खासै परिवर्तन आएको छैन । एक शब्दमा भन्दा चीनले नेपाल तर्फ अघोषित रुपमा नाकाबन्दी नै गरेको छ ।

गत हप्ता मात्रै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले सार्वजनिक रूपमै असन्तुष्टि जनाउँदै चीनको व्यवहार असहज र अप्ठेरो भएको बताएका थिए । परिस्थिति यस्तै रहे नेपालले चीनसँग व्यापार गर्ने कि नगर्ने भन्ने विषयमा प्रधानमन्त्रीसँगै कुरा उठाएको पनि उनले बताएका थिए ।

चीनमा कोरोनाभाइरसको सङ्क्रमणले महामारीको रूप लिएपछि सुरुका दिनमा केही समयलाई चिनियाँ पक्षले नाकाहरू बन्द गरेको थियो । बिस्तारै स्थिति नियन्त्रणमा आउँदै गरेको अवस्थामा उसले नाका सञ्चालनमा ल्याउने सङ्केत दिएको भए पनि अहिलेसम्म सीमा नाका सुरुचार गरेको छैन ।

कोभिड-१९ का कारण समस्या पैदा भएको वा संकट परेको अवस्थामा मित्रराष्ट्रले अझ बढी खुलेर सहयोग गर्नुपर्छ भन्ने सामान्य मान्यतालाई पनि चीनले लत्याएको छ ।

चीनको उक्त व्यवहारका कारण नेपाली व्यापारीहरूले आयात गरेका सामान लामो समयदेखि चीनतर्फ रोकिएको छ ।

हाल चीनसँगको नाकामा देखिएको असहजतालाई कतिपयले एक किसिमको नाकाबन्दीका रूपमा समेत लिएका छन् ।



चीनले आधिकारिक रूपमै जानकारी गराएर फेब्रुअरी महिनाको ८ तारिखसम्म नाका बन्द रहने जनाएको छ । नेपाली अधिकारीहरूका अनुसार सरकारले चालु आर्थिक वर्षका लागि तातोपानी भन्सार कार्यालयलाई पाँच अर्ब ४७ करोड रुपैयाँको लक्ष्य दिएको छ तर हालसम्म ३९ करोड रुपैयाँ मात्रै उठेको छ ।

चिनियाँ पक्षले सीमामा गरेको कडाइका कारण करिब १७ अर्बको सामान चीनको विभिन्न स्थानमा अलपत्र छ । नेपाल हिमालय सीमापार वाणिज्य संघका अनुसार कोभिड–१९ का कारण पछिल्लो नौ महिनादेखि करिब १७ अर्बको गार्मेन्ट, जुत्ताचप्पल, मोबाइलको एसेसरिज, इलेक्ट्रोनिक्सका सामान र उपकरण, विभिन्न प्रकारका कच्चापदार्थलगायत सामान अड्केको छ ।

पछिल्लो समय चिनियाँ पक्षले तातोपानी र रसुवा नाकाबाट मालसामान ल्याउने बाटो फुकाए पनि पर्याप्त परिमाणमा भने ल्याउन दिएको छैन । ती दुवै नाकाबाट अन्यन्तै थोरै परिमाणमा मालसामानसहितको कन्टेनर आउँदा व्यापारी 'घर न घाट' का भएका छन् ।

झण्डै एक वर्षदेखि आउन नसकेका करिब १७ सय कन्टेनरको सामान कुन अवस्थामा छ, त्यसबारेमा समेत नेपाली व्यापारीहरुलाई थाहा छैन । आफनो व्यापार डुब्न लागेको र धेरै घाटा हुन थालेपछि उनीहरु मानसिक र आर्थिक पीडाबाट थलिएका छन् ।

रसुवागढी नाकाबाट चीनतर्फ हुने निर्यात एक वर्षदेखि ठप्प छ । गत वर्षको माघ १५ देखि आयात प्रभावित भएको हो । सुरुमा हिमपात र ल्होसार पर्वका कारण बन्द भएको आयात कोभिड-१९ देखा परेपछि ठप्प प्राय: भयो । पटक-पटक आयात ठप्प हुँदा सयौं व्यवसायीका अर्बौं मूल्य बराबरका सामान चीनतर्फ रोकिएका छन् । केरुङभन्दा माथि खासा, न्यालम धिङग्री, सिगात्सेलगायत ठाउँमा गोदाममै सामान थन्किएको छ । एक वर्षदेखि करिब २ सयभन्दा बढी नेपालीका खाली कन्टेनर केरुङमा नै रोकिएको व्यवसायीहरु बताउँछन् ।

चीनबाट हुने धेरैजसो आयात २०७२ मंसिरदेखि यही नाकाबाट हुँदै आएको छ/ । यस नाकाबाट तयारी कपडा, स्याउ, लेडिज सेन्डल, रबर, प्लास्टिकका जुत्ता चप्पल, हाते झोला, छालाको जुत्ता, मोटरको ब्याट्री, यूपीएस, प्लास्टिकका सामानलगायत वस्तुहरू आयात हुन्छन् । नेपालबाट चीनतर्फ धातुको मूर्ति, शृंगारका सामान, ऊनी गलैंचा, कार्पेट, भाँडाकुँडालगायत वस्तुहरू निर्यात हुने गरेको छ ।

**व्यवसायीलाई टाट पल्टिने चिन्ता**

**नाका बन्द भएको एक वर्ष बित्दा पनि व्यवसायीहरूलाई आफ्ना कन्टेनर कुन अवस्थामा छन् ? थाहा छैन । अहिले ४५ भन्दा बढी नेपाली कन्टेनर चीनमा थन्किएर बसेका छन् । तर, नेपाली सरकारी अधिकारीलाई नेपाली कन्टेनरको विषयमा यकिन जानकारीसमेत छैन । एक वर्षदेखि रसुवागढी नाका बन्द हुँदा कन्टेनर व्यवसायीहरूको घरवास गुम्ने अवस्था आएको छ ।**

**पछिल्लो एक वर्षयता कोरोना भाइरसको संक्रमणका कारण चीनसँगको अन्तर्राष्ट्रिय व्यापार प्रभावित बनेको छ । चीनले एकतर्फी नाका सञ्चालन गरेको छ । दैनिक आफ्ना ५ वटा गाडीमा नेपाली भूभागमा सामान झारिदिने गरेको छ । चिनियाँ एउटा गाडीमा आएको सामग्री नेपाली दुईवटा कन्टेनरमा नेपाली कामदारले लोड गर्ने गरेका छन् ।**

**चीनले पछिल्लो समय अन्य मुलुकसँग अर्बौंको आयात-निर्यात व्यापार गरिरहे पनि नेपालको हकमा 'शून्य कोभिड'को नीति अवलम्बन गरेको छ । त्यसको प्रत्यक्ष असर नेपाल-चीन व्यापारमा परेको छ भने करोडौं लगानी गरेका व्यवसायी बिचल्लीमा परेका छन् ।**

**चीनले पछिल्लो समय द्विपक्षीय व्यापारमा नेपालसँग 'अघोषित नाकाबन्दी' लगाएको आरोप व्यवसायीहरुको छ । यस्तो अवस्थाका कारण गार्मेन्ट, जुत्ताचप्पल, मोबाइल एसोसरिज, इलेक्ट्रोनिक्स सामान र उपकरण, विभिन्न प्रकारका कच्चापदार्थलगायत सामान चीनतिरै अड्केको व्यवसायीको भनाइ छ । १५ महिनादेखि चीनले कुनै न कुनै बहानामा तातोपानी र रसुवा नाकामार्फत हुने आयात-निर्यात**

*बाँकी अन्तिम पृष्ठमा*

## भारतको गणतन्त्र दिवस मनाइयो



काठमाडौं । नेपालस्थित भारतीय दूतावासले मंगलबार भारतको ७२औं गणतन्त्र दिवस मनाएको छ । सो अवसरमा नेपालका लागि भारतका राजदूत विनय मोहन क्वात्राले झण्डोत्तोलन गरी भारतको राष्ट्रिय झण्डा फहराए । त्यस अवसरमा उनले भारतीय राष्ट्रपतिको सन्देश पढेर सुनाएका थिए । दिवसको अवसरमा राजदूत क्वात्राद्वारा वीर नारी, मृतक सैनिकका श्रीमती र मृतक सैनिकका निकटतम नातेदारलाई ३.६८ करोड नगद तथा कम्मल वितरण गरी सम्मान गरिएको पनि दूतावासले जनाएको छ ।

दूतावासले नेपालका ५० पुस्तकालय तथा शैक्षिक संस्थाहरुलाई पुस्तक उपहारस्वरुप प्रदान पनि गरेको थियो ।

यस्तै राजदूत क्वात्राले इण्डिया हाउसमा स्वागत समारोहको आयोजना गरे । उक्त समारोहमा परराष्ट्रमन्त्री प्रदीप कुमार ज्ञवाली मुख्य अतिथिका रुपमा सरिक थिए । समारोहमा नेपालका भूतपूर्व राष्ट्रपति रामवरण यादवले धधध.ककउबचपदजबचबतलभउर्बा.अफ वेबसाइटको शुभारम्भ गरेका थिए ।

## पुनर्स्थापना समस्याको समाधान होइन : ठाकुर



काठमाडौं । प्रतिनिधिसभा पुनर्स्थापना भएपनि शासनसत्ता उही असफल भएका नेपाल कम्युनिष्ट पार्टीकै हातमा जाने जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले बताएका छन् । उनले भने, 'जुन पार्टी सत्ता चलाउन सकेन, असफल भयो, यदि संसद पुनर्स्थापना भयो भने फेरि सत्ता उही पार्टीको जान्छ र द्वन्द्व त रहिरहन्छ । किनभने कानूनीरुपमा त्यो पार्टी विभाजन भइसकेको छैन ।' उनले संसद पुनर्स्थापना अहिलेको समस्याको समाधान नभएको दाबी गरेका छन् । सत्तारुढ दल नेकपा कानूनीरुपमा अहिले एउटै रहेको भन्दै दुवै समूहबीच द्वन्द्व भइरहने बताए । अर्कोतर्फ यदि मुलुक चुनावतिर गयो भने प्रधानमन्त्री ओलीको कदम सही ठहर्ने पनि जिकिर गरे । 'त्यो बेलामा यदि हामी आन्दोलनलाई निरन्तरता दियौं भने हामी अदालतलाई कमजोर गर्छौं । यो स्थितिमा हाम्रो देश अहिले गएको छ ।' जनताले कल्पना गरेको स्थिरता भविष्यमा नदेखिएको अध्यक्ष ठाकुरले बताउँदै मुलुक र समाज अहिले संकटको अवस्थामा रहेको धारणा राखे ।

## स्मृतिमा शहिद दुर्गानन्द झा

काठमाडौं । राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाका लागि शहीद दुर्गानन्द झाले गरेका बलिदानीलाई सदैव स्मरण गरिएको छ । १५ माघका दिन उनको योगदानको चर्चा गरी बलिदानी दिवस मनाउने गरिन्छ । २ सय ४० वर्षसम्म नेपालमा शासन गरेको शाह वंशीय राजतन्त्रको उन्मुलन गर्ने सपना बोकेका दुर्गानन्दको सपना अहिले पूरा भएको छ ।

नेपाली कांग्रेसको झण्डा बोकेर निरंकुश पञ्चायती व्यवस्था विरुद्धको आन्दोलनमा तत्कालीन राजा महेन्द्रलाई लक्षित गरी बम प्रहार गर्दा मृत्युदण्ड दिइएका दुर्गानन्द झालाई नेपाली कांग्रेसको शासन सत्ता रहुनजेल कांग्रेसले शहीद घोषणा भने गराउन भने सकेन ।

तर तात्कालीन नेकपा एमालेका अध्यक्ष केपी शर्मा



ओली नेतृत्वको सरकारले १ फागुन २०७२ मा राष्ट्रिय शहिद घोषणा गरेपछि दुर्गानन्द झा राष्ट्रको शहीद सूचीमा समावेश भए । १ मंसिर २०७३ मा नेपाल सरकारले शहीद दुर्गानन्द झाको नाममा हुलाक टिकट प्रकाशन गर्ने निर्णय गरेको थियो ।

१९९९ साल वैशाख १४ मा दुर्गानन्दको जन्म धनुषाको जटही गाउँमा देवनारायण झा र सुकरमारीदेवी झाको एक मात्र सन्तानको रुपमा भएको थियो । पंडित भोलानाथ झाका तीन भाई छोराहरुमध्ये एक मात्र उत्तराधिकारी दुर्गानन्द झाको बाल्यकालमै पिताजीको मृत्यु भएको थियो । आमाको रेखदेखमा गाउँबाट ५ किलोमिटर पर भारतीय क्षेत्रको उमगाँव स्थित दिनदयाल हाई स्कुलमा झाको शिक्षादीक्षा भएको थियो ।

'दो हंसो को जोडा विछड गयो रे, गजब भयो रामा जुल्म भयो रे' जेलजीवन यात्राका क्रममा फाँसीको फन्दामा चढ्नुअघि शहीद दुर्गानन्द झाले आफ्नी पत्नी काशीदेवीको सम्झनामा यही हिन्दी गीत गाएर विरह र वियोगको भाव प्रकट गर्ने गर्थे । २०१७ साल पुस १ गते राजा महेन्द्रले चालेको निरंकुश कदमको विरुद्धमा नेपाली कांग्रेसले मुलुकभर क्रान्ति थालेको थियो । नेपाली कांग्रेसका नेताहरु भारतको उभगाउ, हरलाखी, छतौनी र जयनगरमा निर्वासित भएर क्याम्प चलाईरहेका थिए । उमगाउमा पढिरहेका दुर्गानन्दको सम्पर्क नेपाली कांग्रेसका नेताहरुसँग भएको थियो । उनी नेपाली कांग्रेसका नेता सुवर्णशमशेरको क्याम्पमा थिए । उमगाउमा नेपाली कांग्रेसका नेता रामनारायण मिश्रको क्याम्प संचालन हुँदा सुवर्ण शमशेरको सम्पर्कमा दुर्गानन्द आएका

*बाँकी अन्तिम पृष्ठमा*

## अदालतकै सेटिङ्गमा प्रतिगमन भएको देखिन्छ : यादव

नेपालगञ्ज । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले ओली सरकारले चालेको प्रतिगमनकारी कदमविरुद्ध मोर्चा बनाएर अघि बढ्नु पर्ने बताएका छन् । अवधी पत्रकार संघ, बाँकेले



बिहीबार नेपालगञ्जमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै यादवले अदालतकै सेटिङमा प्रतिगमनकारी कदम चालिएको आशंका गरे । उनले भने, 'अदालतकै सेटिङमा काम भएको जस्तो देखिन्छ। यसका विरुद्धमा सबै दल मिलेर मोर्चा बनाउनु पर्छ । ओली सरकारलाई घोक्रेठ्याक लगाउनुपर्छ ।' पूर्व उपप्रधानमन्त्रीसमेत रहेका यादवले संसद पुन:स्थापना र ओलीलाई पदच्यूत गरेपछि मात्रै प्रतिगमन सच्चिने बताए। उनले प्रधानमन्त्री ओलीको कदमलाई २०१७ साल पुस १ गतेको पुनरावृत्ति भएको टिप्पणी गरे ।

अध्यक्ष यादवले वैशाखमा चुनाव हुन नसक्ने दावी गरे । 'वैशाखमा चुनाव गराउने हिसावले घोषणा भएकै होइन, यो त जालसाजीमात्रै हो,' यादवले थपे, 'संसद विघटनको निर्णय सच्चिएन भने मुलुक अन्यौलतामा फस्छ ।' यादवले संघीयता र समावेशिताको खारेज गर्नका लागि असंवैधानिक कदम चालेको आरोप लगाए । पार्टीको दुई दिने प्रशिक्षणमा सहभागी हुन यादव नेपालगञ्ज आएका थिए ।



**संसद पुनस्थापना भए के नै हो हो ? : डा.सीके राउत**

**विशेष अन्तर्वार्ता पृष्ठ ३ मा**

## सम्झौता अवधि सकिए पनि उखु किसानको हात रित्तै

काठमाडौं । उखु किसानलाई तिर्न बाँकी बक्यौता दिने समय चिनी उद्योगीहरुको सकिएको छ ।

सरकारले किसानसँग गरेको सम्झौताको समयसीमा २१ दिन सकिएको हो । तर किसानले भने अझै भुक्तानी पाएका छैनन् । यो अवधिमा पनि उद्योगीले किसानको सबै रकम तिरेका छैनन् ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार चिनी मिलबाट पाउनुपर्ने रकम भुक्तानीको माग राख्दै गत मंसिर २८ गतेबाट आन्दोलन सुरु गरेका उखु किसानले पुस १३ गते सरकारसँग ४ बुँदे सम्झौता गरेका थिए तर रकम पाएका छैनन् ।

उद्योग मन्त्रालयका प्रतिनिधि र किसानबीच भएको उक्त सम्झौतामा चिनी उद्योगीले किसानलाई तीन हप्ता अर्थात् २१ दिनभित्र सबै रकम तिरिसक्नुपर्ने उल्लेख थियो । तर मन्त्रालयले उपलब्ध गराएको आइतबारसम्मको बक्यौता भुक्तानी विवरणअनुसार चिनी उद्योगले सबै रकम नतिरेको देखिएको छ ।

पछिल्लो पटक चिनी उद्योगीहरुले अधिकांश किसानको रकम चुक्ता गरे पनि अझै केही किसानले नपाएको बताएका छन् ।

मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार उखु किसानलाई ३५ करोडभन्दा बढी तिर्न बाँकी रहेको श्रीराम सुगर मिलले ३१ करोड रुपैयाँ तिरेको देखिएको छ ।

अझै ४ करोड बढी तिर्न बाँकी छ । त्यस्तै, ३० करोड तिर्न बाँकी रहेको अन्नपूर्ण सुगर मिलले १३ करोड, १० करोड ७४ लाख रुपैयाँ बराबर तिर्न बाँकी रहेको लुम्बिनी सुगर मिलले ८ करोड रुपैयाँ र ४ करोड ७० लाख रुपैयाँ बराबर बक्यौता रहेको इन्दिरा सुगर मिलले २ करोड रुपैयाँ बराबर भुक्तानी दिएको देखिएको छ ।

गत पुस १३ गते देखि माघ ५ गतेसम्म (२१ दिन भित्र) चिनी उद्योगहरुबाट कुल ५१ करोड ३८ लाख रुपैयाँ भुक्तानी भएको गृह मन्त्रालयले जनाएको छ । कुल ७० करोड ५८ लाख रुपैयाँ चिनी उद्योगहरुबाट भूक्तानी बाँकी रहेकोमा किसानहरुले हालसम्म कुल ५१ करोड ३८ लाख रुपैयाँ भूक्तानी पाएको गृह मन्त्रालयका सूचना अधिकारी प्रेमलाल लामिछानेले बताए ।

गृह मन्त्रालयको तथ्याङक अनुसार प्रमुख चार चिनी उद्योगहरुबाट कुल ५१ करोड ३८ लाख रुपैयाँ भूक्तानी भएको छ । बाँकी अझैं १९ करोड २ लाख रुपैयाँ किसानहरुले पाएका छैनन् ।

गृह मन्त्रालयका उपसचिव समेत रहेका सूचना अधिकारी लामिछानेले भने, 'वाणिज्य तथा आपूर्ति मन्त्रालयको पत्र पाउने वित्तिकै हामीले सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमार्फत भूक्तानी नदिने उद्योगीहरुको नाममा मक्राउ पुर्जी नै जारी गरेका हौं । सम्झौता अनुसार २१ दिनमा उद्योगीहरुले अधिकतम भूक्तानी गरेका पनि छन् । अब बाँकी भूक्तानी पनि छिटो भन्दा छिटो गराउने पक्षमा हामी छौं ।

त्यसो त गएको २१ दिनमा अन्नपूर्ण सुगर मिलले कुल ११ करोड २७ लाख रुपैयाँ, लुम्बिनी सुगर मिलले ४ करोड १६ लाख रुपैयाँ, इन्दिरा सुगर मिलले ४ करोड ५० लाख रुपैयाँ र श्रीराम सुगर मिलले कुल ३५ करोड ७५ लाख ४४ हजार भूक्तानी दिइसकेको मन्त्रालयको तथ्याङ्कले देखाएको छ ।

## सम्पादकीय

# भारतीय सहयोगको प्रतिफल

भारतले अनुदानमा दिएको १० लाख कोरोना खोपबाट नेपालले कोभिड परीक्षण सुरु भएको ठीक एक वर्षपछि कोभिड- १९ विरुद्धको खोप अभियान गरेको छ ।

देशैभरिका खोप केन्द्र रहेका अस्पतालहरूमा अस्पतालका प्रमुख चिकित्सकहरूले खोप लगाएपछि खोप अभियान सुरु भएको हो । सरकारले भारतले अनुदानमा उपलब्ध गराएको 'कोभिसिल्ड' खोप लगाउन सुरु गरेको हो ।

अभियानको पहिलो चरणमा महामारीका वेला फ्रन्टलाइनमा खटिएर काम गर्ने स्वास्थ्यकर्मी, एम्बुलेन्स र शवबाहनका चालक, महिला स्वास्थ्य स्वयंसेविका, जेलमा रहेका व्यक्ति र उनीहरूको सुरक्षामा खटिएका सुरक्षाकर्मी, एयरपोर्ट र नाकामा काम गर्ने कर्मचारी र त्यहाँ खटिएका सुरक्षाकर्मीलाई खोप लगाउन थालिएको हो ।

भारतले अनुदानमा उपलब्ध गराएको 'कोभिसिल्ड' खोप अक्सफोर्ड/एस्ट्राजेनेकाले विकास गरेपछि सेरम इन्स्टिच्युट अफ इन्डियाले उत्पादन गरेको हो ।

यो भ्याक्सिन भारतमा मात्रै होइन, अन्य धेरै देशमा पनि आकस्मिक प्रयोगमा रहेको छ । यो बहुराष्ट्रिय कम्पनीले उत्पादन गरेको परीक्षणको थर्ड फेज पार गरिसकेको भ्याक्सिन हो । फेरि यही कम्पनीले विश्वका

**भारतको खोप अभियान कोरोनाविरुद्धको लडाइँको निर्णायक चरण मानिएको छ । खोप अभियानसँगै भारत कोरोनाविरुद्धको लडाइँमा निर्णायक चरणमा प्रवेश गरेको छ भने उसले यस अभियानमा छिमेकी देशहरुलाई पनि समेटेको छ ।**

६० भन्दा बढी देशमा भ्याक्सिन सप्लाई गरिरहेको छ, त्यसैले पनि सुरक्षित छ ।

सरकारले पहिलो चरणमा कुल जनसंख्याको तीन प्रतिशत अर्थात् नौ लाख ११ हजार जनसंख्यालाई खोप लगाउने योजना बनाएको थियो । तर, सरकारसँग अहिले भारतबाट अनुदानमा पाएको एक लाख भायल खोप मात्रै छ । त्यसैले अहिले करिब साढे चार लाखले मात्रै खोप पाउने सुनिश्चित छ ।

भारतले दिएको यो नेपाल र भारतबीचको मित्रताको अनुपम उदाहरण हो ।

खोप आउनु भनेको नेपाली जनता पहिलो प्राथमिकतामा पर्नु, दुई देशको मित्रता प्राथमिकतामा पर्नु हो र छिमेकीलाई पहिलो प्राथमिकतामा राख्नु पनि हो ।

भारतको कोभिडविरुद्धको खोप उत्पादन तथा निर्यात क्षमता सबै वर्गका लागि लाभदायी हुने विश्वास गरिएको छ । सोहीअनुसार भारतले अनुदानका रुपमा खोप उपलब्ध गराएको हो ।

गत मार्चमा भारतमा प्रधानमन्त्री नरेन्द्र मोदीले महामारीविरुद्ध लड्न सामूहिक क्षेत्रीय प्रयासका लागि आह्वान गरेका थिए । सार्क राष्ट्रका प्रमुखहरूसहितको भिडियो कन्फरेन्सको आयोजना गरी महामारीविरुद्ध लड्न साझा रणनीति बनाइनुका साथै कोभिड-१९ सँग लड्न संयुक्त 'आपत्कालीन कोष' को स्थापना गरियो । यसका साथै सदस्यराष्ट्रहरूमा महामारीविरुद्ध लड्न आवश्यक पर्ने स्वास्थ्य सामग्री एवं उपकरणहरूको खरिद र आपूर्तिमा सहयोग गरियो । यसको स्थापनासँगै, सो फोरमले सार्क क्षेत्रका एवं विविध मेडिकल, फर्मास्युटिकल्स, क्लिनिकल ट्रायल, व्यापार तथा अर्थतन्त्र क्षेत्रका विज्ञहरू झिकाई विविध अन्तरक्रियामा सहजीकरण गरेको छ ।

खुला सिमानाका कारण कायम रहेको दुई देशको जनस्तरीय सम्बन्ध र सदियौं पुरानो नाता रहेको नजिकको छिमेकी भएको हैसियतले पनि स्वाभाविक रूपले नेपाल भारतको 'छिमेकी पहिलो' नीतिको अग्रपंक्ति र कोभिड-१९ विरुद्ध खोप अभियानको प्राथमिक हिस्सेदारका रूपमा रहेको छ । भारतले नेपाललाई निरन्तर कोरोनासम्बन्धी आवश्यक सहयोग गरिरहेको छ ।

धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक हरेक क्षेत्रमा भारत र नेपालबीचको प्रगाढ सम्बन्ध विद्यमान छ । महामारीविरुद्धको सामूहिक लडाइँमा भारतका जनता नेपालका जनतालाई यस महामारीलाई जित्नका लागि आवश्यक छ ।

# राजनीतिक कोर्स बदल्ने नयाँ प्रक्रिया

**विचार-विश्लेषण** भाग-८२



उपेन्द्र झा

संसद विघटनको असंवैधानिक घटनासँगै नेकपा विभाजित भएको छ । विपक्षमा आएका प्रचण्ड-नेपाल गुटले संसद विघटनलाई असंवैधानिक भनी रहँदा सत्ता पक्षका ओली गुटले असंवैधानिक कदम भन्नेहरु देशद्रोही हुन् भनेर अभिव्यक्ति दिइरहेका छन् । एउटै पार्टीभित्रको उच्च महत्वाकांक्षाको टकराहटले उत्पन्न आन्दोलन अहिले साझा आन्दोलनको रुपमा विकसित भइरहेको छ । राजनीतिक दाउ पर्खेर बसेका खेलाडीहरु आन्दोलनलाई आफ्नै स्वार्थअनुसार परिभाषा गरिरहेका छन् ।

आन्दोलनलाई साझा बनाउन नेपाली कांग्रेसको सहभागिता अपरिहार्य रहेकोले प्रचण्ड नेपाल गुट नेपाली कांग्रेसलाई फकाउन लागिपरेका छन् । रामचन्द्र पौडेल गुट आन्दोलनको पक्षमा छ भने शेरबहादुर देउवा ढुलमुले चरित्र देखाइरहेका छन् । अन्य सानातिना दलहरु विस्तारै आन्दोलनमा सहभागी भइरहेका छन् । आन्दोलनमा सहभागी नाम नरहेका साना दलहरु छन् भने प्रतिनिधिसभामा सहभागी नाम चलेका केही दलहरु जो संघीयता मन पराउँदैन ओलीको पक्षपाती बनेका छन् ।

प्रचण्ड-नेपाल समूहको आन्दोलनलाई ऊर्जावान बनाउन जनता समाजवादी पार्टी (खासगरी उपेन्द्र यादव समूह) बढी सक्रिय रहेको देखिन्छ । मधेशमा चीनको प्रभाव बनाउन र आन्दोलनलाई चर्काउन चीनले उपेन्द्र यादवलाई सहयोग गरेको व्यापक चर्चा भइरहेको छ । कार्यक्रममा ानिस भेला गर्न गरिएको खर्चबाट पुष्टि हुने धेरै ठाउँ देखिएको छ । तर यसको आधिकारिक जानकारी प्राप्त भएको छैन ।

नेकपा विभाजनले जनता र कार्यकर्तामा फैलिइएको वितृष्णाले आन्दोलनमा उत्साह देखिँदैन । काठमाडौंमा मानव सागर ओराल्ने क्रममा मधेशबाट भाडामा मानिस ओसार्दा एकछिन जमघट देखिए पनि सहभागीहरु केको लागि आएको भन्ने थाहा नै थिएन भन्ने देखियो ।

नेपालमा कम्युनिष्ट पार्टीको उमेर ७१ वर्ष पुगेको छ । रुसमा ७० वर्षको कम्युनिष्ट सरकारको अवसान भएजस्तै नेपालमा पनि आफ्नै कारणले कम्युनिष्ट प्रभाव कमजोर हुने लक्षण देखिरहेको छ । शीर्ष पंक्तिका नेताहरुको स्वार्थका लागि सुरु भएको लडाइ कम्युनिष्ट आस्था राख्ने आम नागरिकको भावनामाथि प्रहार गरिएको छ । कम्युनिष्ट धरातलमा यो घटनाले कम्युनिष्टप्रतिको वितृष्णा तीव्ररुपमा बढाउनमा कुनै शंका छैन । नेपालको कम्युनिष्ट दर्शन सर्वहारा वर्गका लागि होइन, नेताहरुको स्वार्थ पूर्तिको लागि हो भनेर नेकपाको द्वन्द्वले स्पष्ट संकेत दिएको छ ।

वास्तवमा यो हो पनि । पहिलोपल्ट दुई तिहाइ नजिकको सरकार दायाँ बायाँ नहेरी देश र जनताका लागि काम गर्नु पर्दथ्यो तर सुरुवातदेखि नै भ्रष्टाचार तीव्र रुपमा बढाएको, काम गर्न के कारणले निष्क्रिय बनेको तथा २.५ वर्षपछि काम गर्न दिएन भनेर अनावश्यक झगडाका कारणहरु बटुलेर संसद विघटनको बुझि नसक्नु खेलको सुरुवात गरिएको छ । जनताप्रति उत्तरदायी रहेको भए आलोचनाको पछि नलागेर जनताको धेरै समस्यालाई सम्बोधन गर्नु पर्थ्यो तर त्यसो केही गरिएको देखिएन ।

प्रधानमन्त्री केपी शर्मा ओली अनुदार चरित्रको निरंकूश शासक हो । राज्यसत्ता हातमा आएदेखि शक्ति उन्मादले सामन्ती चरित्रलाई उदाङ्गो पारिदिएको छ । आफूले भनेको जे कुरा पनि "महानवाणी" को रुपमा सबैले मान्नै पर्ने निजको हठका कारण देश फेरि एकपल्ट द्वन्द्वको चपेटामा परेको छ । के प्रयोजनका लागि कसको इशारामा केपी शर्मा ओली के गर्न लागेको केही बुझिएको छैन ।

सर्वोच्च अदालतमा सुनुवाईको प्रकृत्ति र ओलीले सर्वोच्च अदालतले रिटहरु खारेज गरिदिन पर्ने भनाइमा सामन्जस्यता देखिएकोले रिटहरु चाहेको फैसला लिन असमर्थ देखिएको छ । त्यस्तै निर्वाचन आयोगमा पनि पार्टीको आधिकारिकताका लागि परेको निवेदन सुनुवाईभन्दा बाहिर रहेको छ । यी दुवै जिम्मेवार निकायको शिथिलताले ठूलो अनिष्टको शंकालाई पुष्टि गरेको छ ।

जिम्मेवार संवैधानिक निकायहरुको शिथिलताले देशमा राजनीतिक अराजकता फैलाउँछ । यही अराजकता संकटकाललाई बोलाउँछ । यही संकटकालमा केपी शर्मा ओलीले आफ्नो अभिष्ट पूरा गर्ने अवसरको प्रतिक्षा गरिरहेको छ । केपी शर्मा ओली चुनावलाई बढी प्राथमिकताका साथ उठाइरहेको कुरा सबै राजनीतिक दललाई चुनावमा ध्यानकेन्द्रित गर्न खोजेको मात्र हो ।

संघीयता विरोधी सबै शक्तिहरु अहिले ओलीको खेमामा छन् । संघीयता चाहने (संघीयताका लागि लड्ने होइन) अहिले एक मात्र शक्ति जसपा हो । प्रचण्ड नेपाल गुट संघीयताका लागि होइन, आन्दोलनका लागि समाजवादीसँग साँठगाँठ गरेको हो । संघीयताका समर्थक धेरै क्षीण अवस्थामा छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानलाई समाप्त पार्ने यो राजनीतिक खेल खेलिएको हो भने गर्न चाहेको "वैधानिक राजतन्त्र र हिन्दू राष्ट्र" बाहेक अरु कुनै कुरा देखिँदैन । ०४७ साल जस्तै वैधानिक राजतन्त्र र लोकतान्त्रिक प्रणालीको स्थापनार्थ केपी शर्मा ओली निर्देशित प्रयासमा लागेको स्पष्ट हुन्छ ।

राजनीतिक शासककै लागि हुन्छ । प्रजातन्त्र जनताकै लागि, जनताद्वारा, जनताको सरकारको परिभाषा नेपालमा लागू हुँदैन । जनतालाई (भेडा) कसरी चराउन सकिन्छ, ०७४को चुनावमा केपी ओलीले आफ्नो पराक्रम देखाइसकेको छ । केन्द्र वा प्रदेशका लागि केही निश्चित व्यक्ति चुनावद्वारा छनौट भएका छन्, जोसँग अकूत सम्पत्ति छ उ मात्र चुनाव जित्न सक्छ र राजनीति गर्न सक्छ । जनताको लागि कोही केही गर्दैन ।

नेकपा विभाजित भएर कार्यकर्ता र जनतामा पर्ने असरसँग ओलीलाई कुनै मतलब छैन । ओलीसँग सामर्थ्य छ

**संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानलाई समाप्त पार्ने यो राजनीतिक खेल खेलिएको हो भने गर्न चाहेको "वैधानिक राजतन्त्र र हिन्दू राष्ट्र" बाहेक अरु कुनै कुरा देखिँदैन । ०४७ साल जस्तै वैधानिक राजतन्त्र र लोकतान्त्रिक प्रणालीको स्थापनार्थ केपी शर्मा ओली निर्देशित प्रयासमा लागेको स्पष्ट हुन्छ ।**

भने जनताको भीड लागि हाल्छ । यही सोचले ओली किञ्चित चिन्ता नगरी अगाडि बढेको छ । आफ्नो पार्टीको अन्तर्संघर्षलाई राष्ट्रिय आन्दोलनमा परिणत गर्ने केपी ओलीको आगामी दिनको चमत्कारी कार्यहरु धेरै देख्न पाइन्छ ।

केपी शर्मा ओली जसरी नेपालमा दुई तिहाइको ऐतिहासिक सरकार स्थापना गरी सबैलाई आश्चर्यचकित पारेका थिए । त्यस्तै असंवैधानिक तरिकाबाट यो संविधानलाई कसरी समाप्त पार्न सकिन्छ भन्ने उदाहरण पनि कायम गर्न लागेको हो ।

janukjha24@gmail.com

# प्रदेश २ मा शहीद परिवार र घाइतेहरुको विजोग



सुनिता साह

मधेश आन्दोलनको बलमा मधेशी जनताको सेन्टिमेन्ट लिएर अहिले मधेशी दलकै नेतृत्वको सरकार छ । तर शहीद परिवार र घाइतेहरुको प्रदेश २ मा विजोग छ । शहीदको नाममा प्रदेश सरकारका मन्त्रीहरुले गैरशहीद परिवारलाई राहतहरु मात्र वितरण गरिरहेको छ । यसको ज्वलन्त उदाहरणको रुपमा सिरहाका शहीद दिलिप साहको परिवार हो । मन्त्रीले शहीद परिवारलाई भनेर भैंसी वितरण गरे तर शहीद दिलिप साहका परिवारलाई दिइएन । आफ्ना नातागोता वा कार्यकर्ताहरुलाई मात्रै राहतहरु दिइरहेका छन् । कतिपय यस्ता मानिसहरुलाई पनि बाँडिएको जो मधेश आन्दोलनका बेला देखिएका पनि थिएनन् । मधेश आन्दोलनका शहीद परिवारलाई ५० लाख दिलाउने प्रतिबद्धता गरे तर अहिले कसै-कसैलाई भैंसी दिने वा जागिर लगाइदिने आश्वासन मात्र दिइरहेका छन् । अहिलेसम्म एउटा पनि प्रतिबद्धता पूरा गरेको छैन ।

प्रदेश २ का जनता प्रदेश २ को सरकारबाट आजीत भइसकेका छन् । शहीद परिवारले अहिलेसम्म जागिर पाएकै छैन । उनका परिवारहरु झन् ऋणमा डुबेका छन् । शहीद परिवारको नाममा ककसले नियुक्ति पाएका छन् र ककसले सेवा सुविधा उपभोग गरिरहेका छन् त्यसको त तथ्यांक नै हेर्नुपर्छ । प्रदेश २ का मन्त्रीहरुले यतिसम्म गरेका छन् कि उनीहरुले आफ्नै परिवारका चार पाँच जनालाई स्वकीय सचिवको नाममा राज्यको ढुकुटीबाट खाइरहेका छन् । उनीहरु आफ्नै श्रीमती, छोरा, भतिजा, सालो आदिका नाममा सरकारी पैसा खाएको यथेष्ट प्रमाणहरु छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमै यसका बारे उजुरीहरु परेका छन् । म त अख्तियारसँग आग्रह गर्न चाहन्छु कि त्यस्ताहरुका बारे चाँडोभन्दा चाँडो छानबिन गरेर कारबाही गरोस् ।

प्रदेश २ को सरकारले सबभन्दा बढी काम गरेको छ भन्ने दाबी गरिरहेको छ । तर विकास भएको भए देखिन्थ्यो नि । जनताले आभाष र अनुभूति गर्नुपर्‍यो नि । अब आउने चुनावमा समुद्रमा मन्थन हुँदा विष र अमृत निस्किन्छ त्यसरी नै जनताले अमृत र विषको पहिचान गरेर मतदान गर्छन् । यिनीहरु वास्तवमा ढोंगी हुन्, परिवारवाद, द्रव्यवाद, नातावादका लिन्छन् भनेर जनताले राम्ररी बुझिसकेका छन् । प्रदेश २ को सरकारले बेटी बचाउ बेटी पढाउ अभियान ल्यायो, छोरी बीमा कार्यक्रम ल्यायो ती सबै कहाँ गयो ? जति पनि कार्यक्रम ल्याएको छ ती सबै नारामा मात्रै सीमित छन्, कुनै पनि सफल भएको छैन ।

महिला हिंसा सबभन्दा बढी प्रदेश २ मै हुन्छ, अहिले पनि यो क्रम रोकिएको छैन । उहाँहरुले बडो राम्रोसँग सफाइ दिन्छन् कि हाम्रो बेटी सुरक्षित छन्, हामी बेटीलाई शिक्षा दिइरहेका छौं, साइकल वितरण गरिसक्यौं, महिला सशक्तिकरण गरिसक्यौं लगायतका कुराहरु भाषण गर्छन् । तर कतिको उहाँहरुले गर्नुभएको छ, त्यसको आभाष त महिलाले गर्नुपर्ने हो ।

हुन त म पनि त्यहीं पार्टीमा आबद्ध थिए तर पार्टीले गर्ने गरेको गलत कुराहरु जहिले पनि प्रतिकार र आलोचना गरिरहें । सही कुरा उठाउँदा पार्टीको लाइनभन्दा विपरीत हुँदैन । गलतलाई गलत भन्ने आँट हरेक पार्टीका नेता कार्यकर्ताहरुमा हुनुपर्छ । जो वास्तवमा एउटा राजनीतिक संस्कार छ । मैले जसरी महिला अधिकारका लागि आवाज उठाएको थिएँ, त्यसका लागि पार्टीले मलाई कारबाही गर्ने गरी प्रेस विज्ञप्ति जारी गरेको थियो । त्यसपछि पुनः म त्यो पार्टीमा गएको छैन । म त्यस्तो पार्टीमा बस्न पनि चाहँदिन । पार्टीलाई हामीले जन्म दिन्छौं, पार्टीले हामीलाई जन्म दिने होइन । गलतको कुराको म जहिले पनि प्रतिकार गरेको छु र आगामी दिनमा पनि गर्छु । किनभने जनताका लागि हामी काम गर्ने हो, जनता हाम्रो लागि काम गर्ने होइन । हामी जनताका सेवक हौं र हाम्रो मूल उद्देश्य सेवा गर्ने नै हुनुपर्‍यो ।

*(सामाजिक अभियन्ता साहसँग गरिएको कुराकानीमा आधारित)*

# संसद पुनर्स्थापना भए के नै हुने हो र ?

जनताका अगाडि अहिलेको मुख्य प्रश्न संसद पुनर्स्थापना, चुनाव वा अर्को प्रधानमन्त्री हुनुहुँदैन । अहिलेको यक्ष प्रश्न भनेको राजनीतिले अब दिने के त ? र जनताले दिने के त ? जनताले बढीमा कसैलाई दुई तिहाइको मत दिन सक्छन्, तर दुई तिहाइ त दिएकै हो । दुई तिहाइ दिँदा पनि यदि सरकार चलाउन सकेन भने केको लागि राजनीति गर्ने ? केको लागि जनताले भोट दिने ? यो अहिलेको यक्ष प्रश्न हुनुपर्ने हो । संसद पुनर्स्थापना भएर नै के हुने हो र । तीन वर्षसम्म संसद हुँदा के गरेका थिए यिनीहरुले । तीन वर्षसम्म यिनीहरु काठमाडौंमा बसेका थिए, ६ करोडको संसदीय विकास कोषको रकमबाट एउटा कुनै २५ लाखको गेट बनाइदियो र बाँकी सबै भ्रष्टाचार गरेका छन् । अब नेपालीले कहिले सुख पाउने ? कहिले परिवर्तन आउने ?



## डा.सीके राउत
### अध्यक्ष, जनमत पार्टी

**० संसद विघटनलाई जनमत पार्टीले कसरी लिएको छ ?**

– संसद विघटनबारे जनमत पार्टीले आधिकारिक रुपमा प्रेस विज्ञप्ति गरी आफ्नो धारणा सार्वजनिक गरिसकेको छ । तर पनि यस विषयमा जनमत पार्टी छलफल गर्ने क्रममा रहेको छ । यो मुद्दामा अहिले सर्वोच्च अदालतमा बहस भइरहेको छ । हामीले सर्वोच्चको फैसलाको प्रतिक्षा गरिरहेका छौं । सर्वोच्च के फैसला आउँछ त्यसपछि हामी आफ्नो थप धारणा सार्वजनिक गर्नेछौं ।

**० तर संसद विघटन संवैधानिक कि असंवैधानिक भन्ने प्रष्ट धारणा आएको छैन नि ?**

– हामी संविधानविद् होइनौं । संविधान व्याख्या गर्ने सबभन्दा ठूलो र संवैधानिक विशेषाधिकार सर्वोच्च अदालतलाई नै छ । यसमा ठूल-ठूला अधिवक्ता र न्यायाधीशहरु लाग्नुभएको छ, संवैधानिक इजलासमा बहस भइरहेको छ । उहाँहरुले जुन धारणा ल्याउँछ त्यसलाई नै हामीले आधिकारिक मानेर आफ्नो आधिकारिक धारणा बनाउनेछौं । तर संसद विघटन दुःखद घटना हो भनेर हामीले भनिसकेका छौं । पार्टीको केन्द्रीय समितिको बैठक पनि बस्न लागेको छ, त्यसमा छलफल गरेर अगाडि बढ्छौं ।

**० संविधानमै नभएको धाराहरु प्रयोग गरेर संसद विघटन गरिएको छ भनेर ब्यापक विरोध भइरहेको छ नि ?**

– संसद विघटन संविधानविपरीत भयो कि संविधानसम्मत छ भन्ने कुरा हामीले भन्न सक्दैनौं । किनभने यो अदालतमा विचाराधीन छ । यो विषय सजिलो भएको भए सर्वोच्च अदालतको संवैधानिक इजलासमा त्यत्रो दिन लाग्ने नै थिएन ।

**० संसद विघटनको विरुद्धमा सबै राजनीतिक दलहरु आन्दोलित छन्, तर अहिले तपाईंहरुको कुनै विरोध कार्यक्रम देखिएको छैन । संसद विघटनको पक्षमा हो जनमत पार्टी ?**

– हामी स्थापनाकालदेखि नै आन्दोलित छौं । हामीले पनि आन्दोलन गरिरहेकै छौं । हाम्रो आन्दोलनको स्वरुप अलिकति फरक हुन्छ । हामीले माघ ५ गते विरोध सभा गरेकै हौं । हामीले ओलीको पनि ठूलो विरोध गरिरहेका छौं । यसअघि सरकारले नागरिकता विधेयक ल्याउँदा विभिन्न जिल्लाहरुमा प्रधानमन्त्री ओलीको पुतला दहन नै गरेका हौं । सरकारले यदि असंवैधानिक वा गलत काम गरेको हो भने हामी घोर विरोध गर्नेछौं । यसमा कुनै दुईमत छैन । तर, पहिला अदालतको फैसला आउनुपर्‍यो, त्यस आधारमा हामी निर्णय गर्नेछौं ।

**० प्रधानमन्त्रीको यो कदममा प्रधानमन्त्री ओलीलाई मधेशमा डा.सीके राउतको साथ छ भन्ने कुराहरु पनि आएको थियो नि ?**

– मधेशमा प्रधानमन्त्री ओलीलाई डा.सीके राउतको साथ छ भन्ने समाचारहरुमा कुनै आधार देखाएको छैन, कुनै सत्यता छैन । म जनकपुरमा बस्ने मान्छे, विगत ८-९ महिनादेखि काठमाडौं आएकै छैन, हाम्रो भेटघाट पनि हुँदैन । यस्ता समाचारहरु जुन आउँछन्, विभिन्न पार्टीहरुले प्रोपोगण्डा गरेर भ्रमहरु फैलाउने गरेका छन् । केही सीमित मान्छे कुर्सीमा जाँदैमा उनीहरुले कुर्सी बचाउनका लागि आन्दोलन गरे भने हामी पनि साथ दिनुपर्छ भन्ने कुरा होइन ।

**० तर तपाईंले त प्रधानमन्त्री केपी ओली राजनेता हुन्, उहाँकै नेतृत्वमा मुलुक समृद्ध हुन्छ लगायतका अभिव्यक्ति दिनुभएको थियो नि त ?**

– केही सञ्चारमाध्यमहरुले केपी ओली राजनेता हुन् भन्ने खालका समाचारहरु छापेका थिए, त्यसका कुनै आधारहरु खुलाएकै छैनन् । ती सञ्चारमाध्यमले जेसुकै छाप्दा पनि त्यसको स्पष्टीकरण दिनुपर्छ भन्ने मैले ठानेको छैन । मैले यस्तो कुरा भनेकै छैन । मैले गरेको सम्बोधन अहिले पनि इन्टरनेटमा भेटिन्छ, सुन्न सक्नुहुन्छ । मैले आफ्नो सम्बोधनमा भनेको थिएँ कि हाम्रो संगठनले कसरी विजय हासिल गर्‍यो, कसरी जनताले विजय हासिल गर्‍यो, कसरी पूरै जनता विजयी भए भनेर ठोकुवा गरेको थिएँ ।

**० तपाईंहरुले सरकारसँग ११बुँदे सहमति गर्दा मधेशको ऐतिहासिक विजय भयो भनेर दाबी गर्नुभयो, कसरी ?**

– हाम्रो संगठनको दृष्टिकोणले धेरै कुराहरु छन् । सबैलाई थाहा छ कि हामीले कहिल्यै पनि खुलमखुल्लारुपले कुनै कार्यक्रम गर्न सकिरहेका थिएनौं । हामीले सामान्य सामाजिक कार्यक्रमसमेत गर्न सकेका थिएनौं, राजनीतिक कार्यक्रमको त कुरै भएन । अहिले हाम्रा लाखौं कार्यकर्ताहरु सुरक्षित भएर सामाजिक कार्यक्रमहरु गर्न पाएका छन्, राजनीतिक गतिविधि सञ्चालन गर्न पाएका छौं । हाम्रो संगठन सुदृढ भइरहेको छ, ठाउँ-ठाउँमा वडा अधिवेशनहरु भइरहेका छन् । हाम्रो संगठन र कार्यकर्ताको दृष्टिकोणले धेरै ठूलो कुरा हो । जहाँसम्म मधेशको कुरा छ, जनमत निर्माण भएपछि केही कुरा गर्ने हो । त्यो सम्झौतामा जनमतमा आधारित निर्णय लिने जुन बुँदा उल्लेख छ, त्यसको ठोस उपलब्धि आउँदा दिनमा हुनेछ । पहिला हामीले जनमत निर्माण गर्नेछौं, त्यसपछि अन्य उपलब्धिहरु देखिनेछन् ।

**० तपाईंहरुले खुल्लारुपमा राजनीतिक गतिविधि गर्न पाउनु त मधेशको विजय कसरी भयो ?**

– मधेशले भविष्यमा उपलब्धिहरु पाउँछ । जनमतको निर्माण भएपछि मात्रै मधेशले केही पाउने हो । कोही व्यक्ति मन्त्री हुँदैमा वा कुनै पदमा पुग्दैमा मधेशले केही पनि पाउने होइन । त्यसैले अहिले हामी जनमत निर्माणको क्रममा छौं ।

**० ११ बुँदे सम्झौताका कति बुँदाहरु लागू भए ?**

– लगभग सबै बुँदाहरु लागू भइरहेका छन् । हाम्रो सम्झौताअनुसार लगभग ७०-८० प्रतिशत काम भइसकेको छ ।

**० तपाईंले जहिले पनि जसपाको आलोचना मात्रै किन गर्नुहुन्छ ?**

– हामीले सबै पार्टीको आलोचना गर्छौं । तर, जसपाप्रति गरिने टिप्पणीबारे मात्रै मिडियाहरुले प्राथमिकता दिने गरेका छन् । किनभने हाम्रो आफ्नो कुनै मिडिया छैन, मिडियाको कुनै संगठन छैन, हामीले आफ्नो एफएम वा कुनै सञ्चार माध्यम सञ्चालन गरेका छैनौं । त्यसैले सत्तामा रहेका पार्टीहरुले जुन भ्रम फैलाउँछन्, त्यहीं कुराहरु मिडियाहरुमा आउँछन् । हामीले सबै पुराना पार्टीहरुको आलोचना गर्ने गरेका छौं । किनकि ती पार्टीहरु म्याद गुज्रेका औषधिसरह नै हुन् । त्यसैले यिनीहरुबाट कहिले पनि केही हुन सकेन र अब नयाँ विकल्पको खोजी गर्नैपर्छ भन्ने हाम्रो मूल अवधारणा हो ।

**० अस्ति भर्खरै तपाईंले सामाजिक सञ्जालमा जसपाप्रति लक्षित गरी विभिन्न आरोपहरु लगाउनुभएको छ नि ?**

– हामीमाथि यस्ता आरोपहरु लाग्दै आएका छन् । मैले करिब ६-७ महिनापछि सामाजिक सञ्जालमा एउटा पोष्ट गरेको हुँ । मैले गरेको पोष्टमा त्यो पार्टीको नाम पनि मैले उल्लेख गरेको छैन । अर्को कुरा गल्ती गरेपछि विरोध किन नगर्ने । उहाँहरुले जे गर्दा पनि चुपचाप बसेर हेर्ने ? प्रदेश २ मा सरकार कसको छ, कांग्रेस वा कम्युनिष्ट छ कि उनीहरु विरोध गर्ने ? मेरो घर र बसाइ प्रदेश २ मा हो । मेरो सबभन्दा बढी जनमतको आधार भएको प्रदेश नं. २ नै हो । अनि प्रदेश २ मा भ्रष्टाचार र अनियमितता भइरहेको छ, त्यसको विरोध गर्न नहुने ? त्यहाँका मुख्यमन्त्रीले ६ वटा गाडी चढ्न हुने, साढे दुई लाखको मोबाइल चलाउन हुने, सभामुख चार वटा गाडी चढ्न हुने तर त्यहींकै जनता भोकै मर्दा हामीले बोल्न पनि नहुने ? हामीले भ्रष्टाचार गरिरहौं अरुले केही नबोलोस् भन्ने सोच राख्नु हुँदैन । जसले गल्ती गर्छ उसको विरोध हामी गर्छौं ।

**० प्रदेश सरकारहरु कति अप्ठ्याराका बीच काम गरिरहेको छ, उनीहरुको प्रादेशिक अधिकार अहिलेसम्म संघले हस्तान्तरण गरेको छ, यी कुराहरु देख्नुहुन्न ?**

– अहिले जुन कुरामा प्रदेश सरकारको नियन्त्रण छ, ती कुरामा संघीय सरकारलाई दोष दिएर हुन्छ ? जुन कुरामा संघीय सरकारको दोष छ, त्यसमा हामीले सात आठ वर्षदेखि त भन्दै आएका छौं । हाम्रो आन्दोलनको इतिहास नै हेर्नुस्, केन्द्रीय सरकारकै विरुद्धमा छ । प्रदेश सरकारहरु त तीन चार वर्षदेखि बनेको हो । अस्पतालमा छट्पटाएर मान्छे मर्दा, भोकका कारण छट्पटाएर मान्छे मर्दा प्रदेश सरकारले हेर्न सक्दैन ? प्रदेश सरकार गठन भएदेखि व्यापक हत्या हिंसा भएको छ र त्यसमा संलग्न अधिकांश मान्छे त्यहींका जनप्रतिनिधिका नातेदारहरु छन् । तिनीहरुले राजनीतिक संरक्षण त्यहींबाट प्राप्त गरेका छन् । अहिले प्रदेश २ मा भ्रष्टाचारको कुरा हेर्नुस् चरम सीमामा पुगेको छ । त्यो आधारमा हामीले जिम्मेवार बनाउनका लागि आलोचना गर्छौं । उनीहरुले सोच्नै हुँदैन कि हामीले गाली मात्रै गरिरहेका छौं ।

**० हत्या हिंसा वा शान्ति सुरक्षाको सवालमा प्रदेश सरकारसँग आफ्नो सुरक्षा निकाय छैन, के गर्न सक्छ प्रदेशको सरकार ?**

– आफ्नै पार्टीका जनप्रतिनिधिले भ्रष्टाचार गर्दा उसललाई कारबाही गर्न सक्दैन ? शिक्षा व्यवस्था त्यहींका जनप्रतिनिधिको हातमा हुँदा त्यसमा सुधार ल्याउन सकिँदैन ? यस्ता कुराहरु त गर्न सकिन्छ नि । यसमा पनि संघीय सरकारले नै असहयोग गर्न भन्न पाइँदैन नि ।

**० भ्रष्टाचारको आरोपहरु मात्रै लाग्ने गरेका छन् तर त्यसका प्रमाणहरु पनि दिनुपर्‍यो ?**

– प्रमाण त हामीले नै खोजेर दियौं । अरु केही नभए नेपाल सरकारको महालेखा परीक्षकको रिपोर्ट हेर्नुस्, भ्रष्टाचारमा प्रदेश २ सबभन्दा बढी अगाडि रहेको छ । यो कोरोनाकालमै ३० रुपैयाँमा पाउने साबुन ३ हजार भनेर बिल पेस गरेका छन् यस्ता रिपोर्टहरु हाम्रा कार्यकर्ताले दिँदा पनि कारबाही हुँदैन । यस्ता चरम भ्रष्टाचारीहरुलाई न त पार्टीले कारबाही गर्छ न त अख्यिारले । हाम्रा कार्यकर्ताले ज्यानको बाजी लगाएर भ्रष्टाचारका प्रमाणहरु ल्याउँदा पनि उजुरी दिँदा पनि कारबाही हुँदैन भने त्यो अख्तियारको पनि के औचित्य ?

**० अख्तियारले कारबाही गर्न नसकेको कारण के होला ?**

– राजनीतिक संरक्षणको कारणले भ्रष्टाचारीहरुलाई कारबाही नभएको हो । कारबाही नभएपनि कमसेकम जनतालाई थाहा होस् भनेर हामी यस्ता कुराहरु उठाइरहेका छौं । उनीहरुको सेटिङ्ग अख्तियारसम्म नै छ ।

**० नेपालको मूल समस्या के देख्नुहुन्छ ?**

– नेपालको मूल समस्या भनेको नै भ्रष्टाचार हो । किनभने जतिसुकै राम्रो रोडम्याप भएपनि यदि त्यहाँ भ्रष्टाचार भइरहेको छ भने दुर्घटना नै हुने हो, कतै पनि गन्तव्यमा पुग्न सकिँदैन । त्यसैले अहिलेको नेपालको प्रमुख समस्या भनेको भ्रष्टाचार हो र यो हुनुमा प्रमुख कारण जहिले पनि जनताले पुरानै र असफल पात्रलाई नै चयन गर्ने, त्यही पुराना सडेका पार्टीहरुलाई बारम्बार चयन गर्ने जनताको पक्षबाट गल्ती भइरहेको छ ।

**० तर जनतासँग त्यस्तो विकल्पहरु पनि देखिँदैन नि ?**

– जनतासँग धेरै विकल्पहरु हुन्छन्, त्यसबारे जनता अलिकति सचेत हुनुपर्‍यो । जनताले राइट टु रिजेक्टको पक्षमा उभिन सक्छन् । यति ठूलो परिवर्तन जनताले नै गरेका हुन्, त्यत्रो व्यवस्था नै परिवर्तन गर्ने जनताले राइट टु रिजेक्टको कुरालाई किन संस्थागत गरेन ? यदि जनतासँग विकल्प छैन भने कसैले पनि मत नदेओस् । अहिले पनि भइरहेका प्रदर्शनहरुमा जनताहरु किन आइरहेका छन्, त्यो कुरा उनीहरुलाई नै थाहा छैन । त्यसैले हाम्रो अहिले यही एजेन्डा रहेको छ कि जनताले आफ्नो अधिकार कसरी सुरक्षित गर्ने त्यतातिर हामी लागेका छौं । त्यो माध्यम भनेको जनता राज हो । नेता वा पार्टीको राज होइन अब जनताको राज स्थापित हुनुपर्‍यो । त्यसका लागि जनतासँग पावरफुल राइट टु रिजेक्टको टुल हुनुपर्‍यो ताकि सही विकल्प नदिँदासम्म कुनै प्रतिनिधि चयन नै नहोस् ।

**० अहिलेको राजनीतिक संकटको निकास के देख्नुहुन्छ ?**

– अहिलेको मुख्य प्रश्न संसद पुनर्स्थापना, चुनाव वा अर्को प्रधानमन्त्री हुनुपर्दैन । अहिलेको यक्ष प्रश्न भनेको राजनीतिले अब दिने के त ? र जनताले दिने के त ? जनताले बढीमा कसैलाई दुई तिहाइको मत दिन सक्छन्, तर दुई तिहाइ त दिएकै हो । दुई तिहाइ दिँदा पनि यदि सरकार चलाउन सकेन भने केको लागि राजनीति गर्ने ? केको लागि जनताले भोट दिने ? यो अहिलेको यक्ष प्रश्न हुनुपर्ने हो । संसद पुनर्स्थापना भएर नै के हुने हो र । तीन वर्षसम्म संसद हुँदा के गरेका थिए यिनीहरुले । तीन वर्षसम्म यिनीहरु काठमाडौंमा बसेका थिए, ६ करोडको संसदीय विकास कोषको रकमबाट एउटा कुनै २५ लाखको गेट बनाइदियो र बाँकी सबै भ्रष्टाचार गरेका छन् । अब नेपालीले कहिले सुख पाउने ? कहिले परिवर्तन आउने ?

**० भनेपछि अबको बाटो के त ?**

– अबको बाटो भनेको जतिबेला निर्वाचन हुन्छ, त्यसमा जनता सजग हुनुपर्छ । दुई तिहाइ दिँदा पनि पुराना पार्टीले केही गर्न सक्दैनन्, भ्रष्टाचार गर्छन्, त्यो बाहेक अरु केही गर्न सक्दैनन् भनेर जनताले नयाँ शक्तिहरुलाई राजनीतिमा ल्याउनका लागि पहल गर्नुपर्छ । अहिलेको निकास यो नै हो ।

**० भनेपछि चुनावले नै निकास दिन सक्छ ?**

– चुनाव त ३ महिना, ६ महिना वा डेढ वर्षमा होस्, त्यो त हुने नै हो । यसमा कुनै दुईमतको कुनै कुरै छैन । आगामी चुनावमा जनताले विकल्प रोजेन भने यस्तै भइरहन्छ ।

**० तपाईंहरु चुनावका लागि तयार हुनुहुन्छ ?**

– हामीले त एक डेढ वर्षपछि चुनाव होला भनेर तयारी गर्दै थियौं । अहिलेसम्म हामी चुनावमा भाग पनि लिएकौ छैनौं, भर्खर मूलधारमा प्रवेश मात्रै गरेका छौं । अहिले अकस्मात् यो घटना भयो । त्यहीं भएर हामी नेपाल सरकारलाई ज्ञापनपत्र पनि दिन लागेका छौं कि यसरी अकस्मात् चुनावको घोषणा हुँदा धेरै मतदाताहरुको नामावलीमा नामै राख्न पाएका छैनन् । त्यसका लागि सकिन्छ भने ६ महिना निर्वाचन सारेर भएपनि योग्य मतदाताहरुलाई सूचिकृत गर्नुपर्‍यो । सकिन्छ भने विदेशमा रहेका हाम्रा योग्य नेपालीहरुलाई मतदानको अधिकारबाट वञ्चित गर्नुभएन ।

**० चुनावमा तपाईंहरुको उम्मेद्वारी मधेशमा मात्रै कि नेपालभरि नै हुन्छ ?**

– हाम्रो लागि यो प्रतिनिधिसभाको चुनाव पहिलो हुनेछ । त्यसैले हाम्रो जनमत जुन-जुन ठाउँमा छ, ती ठाउँहरुमा हाम्रा उम्मेद्वारहरु खडा हुनेछन् । अहिले हाम्रो जनाधार भनेको खासगरी प्रदेश २ र मधेशका अन्य केही जिल्लाहरुमा मात्र बलियो जनमत देखिएको छ ।

**० तपाईंले पार्टी बनाउँदा अध्यक्षबाहेक सबैलाई सदस्य मात्र राख्नुभएको छ, तपाईंमाथि वन म्यान आर्मीको आरोप लागिरहेका छ नि ?**

– हाम्रो पार्टी एकदम लोकतान्त्रिक पार्टी हो । विगत तीन महिनामा मात्रै हामीले ७ सयभन्दा वडा अधिवेशनहरु गरेका छौं । कुनै पनि पार्टीले अहिलेसम्म लोकतान्त्रिक तरिकाले वडा अधिवेशनहरु गरिरहेका देखेका छैनौं । अब हाम्रो महाधिवेशनको पनि घोषणा हुँदैछ । यति चाँडो महाधिवेशन गराएर लोकतान्त्रिक तरिकाबाट अगाडि बढिरहेका छौं । यहाँ त कतिपय पार्टी बनेको १० वर्षभन्दा बढी भइसक्यो तर अहिलेसम्म महाधिवेशन गराउन सकेका छैनन्, कतिपय पार्टी सिद्धि पनि सके । तर हामी लोकतान्त्रिक व्यवस्थामाथि भरोसा राखेर महाधिवेशनमार्फत् पदाधिकारीहरु चयन गर्नेछौं ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# मधेशवादका प्रणेता गज्जुबाबुको सम्झना

काठमाडौं । मधेशवादका प्रणेता स्व. गजेन्द्र नारायण सिंहको १९औं स्मृति दिवस मनाइएको छ । नेपाल सद्भावना पार्टी स्थापना गरेका उनले आफ्नो पार्टीको प्रमुख एजेन्डाको रूपमा नागरिकता, आरक्षण ( समानुपातिक समावेशिता), जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको गठन तथा सघीयतालाई अघि सारेका थिए ।

उनी बाँचुञ्जेलसम्म उपरोक्त राजनीतिक मुद्दाहरूले देशमा व्यापक चर्चा पाए पनि समाधान हुन सकेको थिएन ।

सिंहको त्याग इमानदारी एवम् विचारलाई ओझेलमा पारेर मधेशी दलहरुले आआफ्नो रोटी सेक्ने असफल प्रयास गर्दैछन् ।

राजनीतिमा परिवारवादका उनी घोर विरोधी थिए । उनी बाँचुन्जेलसम्म नेपालको राजनीतिमा मधेशवाद शब्दको जन्म भएको थिएन ।

तर नवमधेशवादीहरू आफूलाई मधेशवादको अभियन्ता त बताउँछन् तर तिनको पार्टीको नामबाट सद्भावना र तराई मधेशजस्ता शब्दहरू विलुप्त भइसकेका छन् ।

स्व.गजेन्द्र सिंहको विचारधारा नै शोषण, उत्पीडनबाट मुक्तिको सवाल हो ।

## शब्दचित्रमा गज्जुबाबु



गजेन्द्र नारायण सिंहको वि.स. १९८६ सालमा सप्तरीको कोईलाडी गाविसमा भएको हो । भगवान रामको जन्म दिनमै बुबा स्व. के.सी.सिंह र आमा स्व.राधादेवीको कोखिबाट जन्मेका गजेन्द्र बाबु मरेर पनि अमर रहेका छन् ।

भारतको बनारसबाट आईए उतिर्ण गरेका सिंह २००७ सालदेखि नेपाली काग्रेसमा आवद्ध भई राजनितिक क्षेत्रमा प्रवेश गरे । उनी २०३३ सालसम्म नेपाली काग्रेसका सक्रिय भएर लागेका थिए ।

२००७ साल जेठ १९ गते १८ वर्षकै उमेरमा सिंह जेल चलान भएको तथा ७ वर्ष सम्म जेलमै जीवन उनले बिताए । २०१८ सालदेखि २०२९ साल सम्म भारतमा प्रवासी जीवन बिताएका उनी २०३४ सालमा पूर्वाञ्चल संयोजक भएका थिए । २०३६ सालको जन्मत संग्रहमा निर्दल विरूद्ध संघर्ष गरेका उनी २०४० सालमा नेपाल सद्भावना परिषद गठन गरेका थिए ।

परिषदका संयोजक आफै रहेका सिंह २०४३ सालमा राष्ट्रिय परिषदको चुनाव जिति प्रतिनिधि सभामा भाग समेत लिएका थिए । त्यस पश्चात उनी २०४७ सालमा नेपाल सदभावना पार्टी गठन गरि २०५३ साल सम्म पार्टीको अध्यक्ष पदको जिम्मेबारी सम्हालेका थिए ।

२०४८ सालदेखि २०५३ सालसम्म सप्तरी संसदीय क्षेत्र नं. २ बाट प्रतिनिधि सभामा विजयी भएका उनी २०५२ साल भदौ महिना पछिको संयुक्त सरकारको गठन पछि निरन्तर रूपमा मन्त्री बने । उनी विभिनन समयमा आपूर्ति, स्थानीय विकास, उद्योग, विज्ञान तथा प्राविधि मन्त्री भए । उच्च रक्तचापका कारण २०५८ माघ १० गते उनको निधन भयो ।

## स्व. गजेन्द्रनारायण सिंहको नाममा खोलिएका संस्थाहरू

| क्र.सं. | संस्था | अध्यक्ष/संयोजक | जिल्ला |
|---|---|---|---|
| १. | गजेन्द्रनारायण सिंह लोक कल्याणकारी संघ | राजेन्द्र महतो | काठमाडौं |
| २. | गजेन्द्रनारायण सिंह स्मृति प्रतिष्ठान | अनिलकुमार झा | काठमाडौं |
| ३. | गजेन्द्रनारायण सिंह शैक्षिक प्रतिष्ठान | रधीर कुमार सिंह | रौतहट |
| ४. | गजेन्द्रनारायण सिंह चिन्तन समाज | विकास तिवारी | काठमाडौं |
| ५. | गजेन्द्रनारायण सिंह विचार मञ्च | विकास तिवारी | काठमाडौं |
| ६. | गजेन्द्रनारायण सिंह जयप्रकाशनारायण स्मृति प्रतिष्ठान | संजयकुमार सिंह | सप्तरी |
| ७. | गजेन्द्रनारायण सिंह ग्रामीण जागरण प्रतिष्ठान | कुबेर यादव | सप्तरी |
| ८. | गजेन्द्र नारायण सिंह अध्ययन केन्द्र | अनिल महासेठ | काठमाडौं |

*नोट : स्व.गजेन्द्र नारायण सिंहका नाममा जिल्लास्तरमा पनि खोलिएका कैयौं संघसंस्थाहरु छन् ।*

काठमाडौं । मधेशवादका प्रणेता स्व. गजेन्द्र नारायण सिंहको नाममा दर्जनौं संघसंस्थाहरु खुलेका छन् । मधेशवाणीले गरेको अनुसन्धानबाट गज्जुबाबुको नाममा खोलिएका ८ वटा संस्था फेला परेका छन् । तर, अझ पनि जिल्लास्तरमा संस्थाहरु खोलिएका छन् । जसपाका वरिष्ठ नेता राजेन्द्र महतो, केन्द्रीय कार्यकारिणी समिति सदस्य अनिल झा, नेपाल सद्भावना पार्टी ( गजेन्द्रवादी)का अध्यक्ष विकास तिवारी, जसपाका केन्द्रीय सदस्य अनिल महासेठ लगायतले गजेन्द्र नारायण सिंहको नाममा विभिन्न संस्थाहरु खोलेका छन् ।

## गजेन्द्र नारायण सिंह अध्ययन केन्द्र स्थापना

काठमाडौं । नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष एवं मधेशवादका प्रणेता स्व. गजेन्द्र नारायण सिंहको १९औं पुण्यतिथिको अवसरमा गजेन्द्र नारायण सिंह अध्ययन केन्द्र स्थापना गरिएको छ । जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य अनिल महासेठको संयोजकत्वमा अध्ययन केन्द्र स्थापना गरिएको छ । केन्द्रीय संयोजक महासेठले अध्ययन केन्द्रमा गजेन्द्र बाबुको विचारधारा, सिद्धान्त एवं मधेश र मधेशीसँग दस्तावेजहरुबारे अध्ययन गर्न सकिने मधेशवाणीलाई बताएका छन् ।

मेचीदेखि महाकालीसम्मको सम्पुर्ण उत्पीडन विरुद्ध मधेशीको अधिकारको लडाईको सुरुवात गर्दै मधेशी, जनजाती, मुस्लिम, दलित उपर हुने बिभेद सहितका मधेशीको अधिकारको लडाईलाई मेची देखी महाकालीसम्म स्वाभिमान यात्राको सुरुवात गरी मधेशीलाई आफ्नो अधिकारका लागि लड्न प्रेरित गर्ने स्व. सिंहको स्मृतिमा केन्द्रको स्थापना गरिएको उनले बताए ।

नेपाली राजनीतिमा विभेदमा परेका समुदायहरुको अधिकार र पहिचानको नेतृत्व गरिरहेको राजनीतिकर्मी तथा आर्थिक, सामाजिक एवं साँस्कृतिक क्षेत्रमा सामाजिक रुपान्तरणको लागि अध्ययन केन्द्र सहयोगी सावित हुने संयोजक महासेठले बताए । उनले मधेशवाणीलाई भने, 'स्व. गजेन्द्र नारायण सिंह अध्ययन केन्द्रले नयाँ पुस्तालाई अध्ययन, अनुसन्धान र सैद्धान्तिक बहसको थलो निर्माणमा विशेष जोड दिइनेछ ।'

यो अध्ययन केन्द्र गजेन्द्र नारायण सिंह लोककल्याणकारी प्रतिष्ठान, काठमाण्डौको मातहातमा रही स्थानीय श्रोत र साधनको प्रयोग गर्दै सञ्चालन गरिनेछ । अध्ययन केन्द्र काठमाडौँमा केन्द्रीय कार्यालय राखी सुरु गरिनेछ । पहिलो चरणमा मधेशको सबै जिल्लाहरु र अधिकतम स्थानिय तहदेखि देशैभर साथै बिदेशमा समेत यसलाई विस्तार गरिनेछ ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com


## मधेश अपडेट

### शहीद परिवारलाई जागिर दिन्छौं : मन्त्री साह

रौतहट । शहरी विकास मन्त्री प्रभु साहले जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलन लगायतका आन्दोलनहरूका शहीद परिवारलाई जागिर दिने घोषणा गरेका छन् । शनिबार रौतहटको माधव नारायण नगरपालिका-५, मिठुअवामा जनयुद्धका शहिद परिवारहरुको सम्मान कार्यक्रममा सम्बोधन गर्दै नेकपा प्रदेश २ का अध्यक्ष समेत रहेका मन्त्री साहले ईन्जिनियर र सब-ईन्जिनियर पढेका शहीद परिवारका सदस्यलाई योग्यता अनुसार आफ्नो मन्त्रालयमा जागिर दिने बताए । आफू बहाल रहेको शहरी विकास मन्त्रालय निर्माणसँग सम्बन्धित रहेकोले शहीद परिवारमा सिभिल ईन्जिनियर तथा सब-ईन्जिनियर पढेकालाई जागिरको व्यवस्था गर्ने मन्त्री साहले बताए । मन्त्री साहले योग्यताका आधारमा सबै शहिद परिवारलाई रोजगारी प्रदान गर्ने उद्देश्य राखेको जीकिर गरे । जनयुद्धको नेतृत्व गरेको प्रचण्डले शान्ति प्रक्रिया यता सरकारी कुर्सीमा बसेपछि र शहरिया बिलासी जीवन बिताउन थालेपछि शहिद परिवारलाई भुलेको बताउदै मन्त्री साहले वर्तमान सरकारको प्राथमिकतामा शहिद परिवार रहेको बताए । शहीदहरुले दिएको बलिदानीकै कारण देशमा नयाँ व्यवस्था आएको आफुहरु नेता भएको स्मरण गराउँदै मन्त्री साहले शहिदको सपना साकार पार्न अन्तिमसम्म लडिरहने प्रतिबद्धता जनाए । तीन सयभन्दा बढी शहीद परिवारको सदस्यहरु कार्यक्रममा सहभागी थिए । कार्यक्रममा नेकपा प्रदेश सदस्य त्रिभुवन साह, नेता उपेन्द्र साह, संविधानसभा सदस्य अब्दुल कलाम अजाद, निवर्तमान सांसदद्वय समिना हुसेन तथा रेखा झा, मौलापुर नगरपालिकाकी प्रमुख रीनाकुमारी साह, माधव नारायण नगरपालिकाकी उपप्रमुख सिमलकुमारी साह, फतुवा विजयपुर नगरपालिकाकी उपप्रमुख कान्ति देवी महतो, देवाही गोनाही नगरपालिकाकी उपप्रमुख परनिया देवी पटेललगायतको उपस्थिति रहेको थियो ।

### कानून मन्त्रीले लिए पहिलो खोप

जनकपुरधाम । प्रदेश २ का आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्रकुमार यादवले कोरोना विरुद्धको पहिलो खोप लगाएका छन् । प्रदेश २ को प्रादेशिक अस्पताल जनकपुरधाममा कोरोना विरुद्धको खोप दिने अभियान सुरु भएको हो । बुधबार प्रादेशिक अस्पतालमा मन्त्री ज्ञानेन्द्रकुमार यादवले खोप लगाएसँगै यहाँ अभियानको सुरु भएको हो । मन्त्री यादव कोरोना भाइरसको संक्रमण मुक्त भएका व्यक्ति हुन् । कानून मन्त्री यादवपछि प्रदेशिक अस्पतालकी नर्स इन्चार्ज सन्ध्या दास र अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रमोद यादवले कोरोना विरुद्धको खोप लगाए । स्वास्थ्यकर्मी, सरसफाईकर्मीहरुलाई प्राथमिकतामा राखेर खोप अभियान सुरु भएको हो । भ्याक्सिन लिएपछि मन्त्री यादवले खोप लिनुपूर्व र लिएपछि शरीरमा कुनै किसिमको फरक नपरेको बताए । मन्त्री यादवले खुल्ला सीमा, जनघनत्व बढी रहेकोले उच्च जोखिममा रहेको यस प्रदेशमा कोरोना भाइरसको रोकथाममा स्वास्थ्यकर्मी, सफाईकर्मी, सुरक्षाकर्मी, संचारकर्मी सबैको महत्वपूर्ण भूमिका रहेको बताए । प्रत्येक जिल्लाबाट पनि खोप दिइने व्यवस्था मिलाउने कार्यभइरहेको र यस प्रदेशको ११ स्थानबाट खोप दिइने व्यवस्था गरिने मन्त्री यादवले बताए ।

### 'मुख्यमन्त्रीबारे कांग्रेससँग छलफल हुन्छ'

विराटनगर । नेकपाका प्रदेश १ का इन्चार्ज भीम आचार्यले प्रदेश सरकारविरुद्धको अविश्वास प्रस्ताव पारित हुने दाबी गरेका छन् । राजनीतिक एजेन्डा मिलेका र संसद्मा भएका दलसँग मिलेर अविश्वासको प्रस्ताव पारित गर्ने उनले बताए । नेकपा प्रदेश कमिटीले बुधबार विराटनगरमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले विपक्षी दलसँग आफूले छलफल गरेको जानकारी दिए । 'कतिपय दलको केन्द्रबाट निर्णय भएर आउन बाँकी रहेको छ,' उनले भने । उनले 'असंवैधानिक कदम'को विरोधमा रहेको नेपाली कांग्रेसले पनि अविश्वासको प्रस्तावको पक्षमा मत हाल्ने दाबी गरे । 'पहिले अविश्वास प्रस्ताव पारित गराउने छौँ', उनले भने, 'त्यसपछि कांग्रेससँग पनि मुख्यमन्त्री दिने-लिने विषयमा छलफल गर्नेछौँ ।' नेता आचार्यले प्रधानमन्त्रीको असंवैधानिक कदमले लोकतान्त्रिक प्रक्रिया नै अवरुद्ध भएको बताए । नेकपाले माघ १६ गते विराटनगरमा जनप्रदर्शन गर्ने र त्यसको तयारी पूरा भएको नेकपा प्रदेश अध्यक्ष घनेन्द्र बस्नेतले जानकारी दिए ।

### गरिब तथा विपन्न ज्येष्ठ नागरिकलाई सम्मान

कपिलवस्तु । शिवराज नगरपालिकामा ८० बर्षमाथिका गरिब तथा विपन्न जेष्ठ नागरिकलाई सम्मान गरिएको छ । जिल्लाको खरेन्द्रपुरमा अवस्थित शिवराज नगरपालिका वडा नं.३ ले वडा भित्र रहेका ८२ जना जेष्ठ नागरिकलाई सम्मान गरेको वडा कार्यालयले जनाएको छ । शिवराज नगरपालिकाका प्रमुख नेत्रराज अधिकारले सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै जाडोमा जेष्ठ नागरिकलाई रुघाखोकी, निमुनिया लगायत हुना सक्ने अन्य समस्याबाट जोगिन कम्बल वितरण गरिएको बताएका छन् । जाडो मौसममा कठेङ्गिएको बेला अलिकति भए पनि जेष्ठा नागरिकलाई न्यनोपन महसुस हुने उद्देश्यले कम्बल प्रदान गरिएको उनले जनाए । हुने खानेले सुविधा सम्पन्न घरमा बसेर अन्नदमयको जीवन विताइरहेको हुन्छ तर नहुनेले चिसो मौसममा रुखमुनि बस्न बाध्य हुन्छ त्यसैले गर्दा नगरपाकिले यो योजना ल्याएको अधिकारीले बताए । यो कार्यक्रम शिवराज नगरपलिकाको सबै वडाहरुमा सञ्चालन भइरहको समेत नगर प्रमुख अधिकारीले जानकारी दिए ।

### पर्सामा १२ हजार ४०० मतदाता थप

वीरगञ्ज । पर्सामा १२ हजार ४ सय मतदाता थपिएका छन् । स्थानीय तहको निर्वाचनपछि १२ हजार ४ सय मतदाता थपिएका हुन् । निर्वाचनपछि जिल्ला प्रशासन कार्यालय र जिल्ला निर्वाचन कार्यालयमा फोटोसहित मतदाता नामावली संकलन कार्य जारी राखिएको थियो । माघ ५ गते प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले संसद विघटन र नयाँ निर्वाचनको घोषणा गरेपछि ६ गतेबाट मतदाता नामावली संकलन कार्य स्थगित भएको छ । २०७४ सालमा पर्सामा २ लाख ८९ हजार ५४ मतदाता रहेकोमा अहिले ३ लाख १ हजार ४ सय ७३ जना पुगेको जिल्ला निर्वाचन कार्यालय पर्साले जनाएको छ । माघ १५ गते देशभरिका सबै पालिकाहरुको केन्द्रमा मतदाता नामावली प्रकाशित हुँदैछ । मतदाता नामावलीमा कुनै मतदाताको विवरणमा त्रुटि भएमा सच्याउने र कसैको नाम दोहोरो भएको, मृत्यु भएको वा अन्य कारणले नाम हटाउनुपर्ने भएमा उजुरी दिन माघ १६, १७ र १८ गतेको समय तोकिएको छ । मतदाता संख्या बढेसँगै जिल्लामा मदान केन्द्र पनि थपिएको छ । बैशाख १७ र २७ गते हुन लागेको संसदीय निर्वाचनको लागि पर्सामा ३ सय ६१ वटा मतदान केन्द तोकिएको जिल्ला निर्वाचन कार्यालय पर्साकी प्रमुख जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले जानकारी दिइन् । '१ हजार मतदाता बराबर एउटा मतदान केन्द्र तोकिएको हुन्छ, मतदाता संख्या बढेकोले पर्सामा १० वटा मतदान केन्द्र थपिएको छ,' उनले भनिन् ।

### खानेपानी पाइपलाइनमा आगलागी

रुपन्देही । तिलोत्तमामा खानेपानीको आयोजनाको पाइप राखिएको ठाउँमा आगलागी भएको छ । तिलोत्तमा नगरपालिका-४ को सीमानगरमा राखीएको पाइपमा गत शनिबार एक्कासी आगो लागेको हो । संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले त्यहाँ खानेपानीको पाइप राखेको छ । आगलागी बुटवल, भैरहवा र तिलोत्तमाबाट पुगेको दमकल र स्थानियबासीको सहयोगमा नियन्त्रणमा आएको तिलोत्तमा ४ का वडाध्यक्ष दिवाकर ढकालले बताए। आगलागीको कारण खुल्न नसकेको उनले बताए ।

### जनमोर्चाको वडा समिति गठन

कपिलवस्तु । शिवराज नगरपालिका वडा नं.५ मा राष्ट्रिय जनमोर्चाको वडा समिति गठन भएको छ । देवा जिसीको अध्यक्षतामा भएको भेलाले सल्लाहकार सहित ९ सदस्यीय कार्य समिति बिहिबार गठन गरेको हो । जसको अध्यक्षमा बेगम बुढा मगर, उपाध्यक्षमा देवा जीसी, सचिवमा बलराम सुनार, कोषाध्यक्षमा कमला पुन, सदस्यहरुमा उजील गिरी, तुलमन विक र सिता विक लगायत चयन भएका छन् । त्यसैगरी सल्लाहकारमा तिलक गैरे र प्रेम नारायण आचार्य रहेका छन् । चेत नारायण खनाल, केर सिंह अदै लगायत कार्यक्रममा बोल्ने वक्ताहरुले राष्ट्रियता कालापानी र अमेरिकाले नेपाललाई गर्न लागेको सहयोग सम्झौता एम सी सी बारे बोल्दै यो पास भए विकासको नाममा नेपालका सबै स्रोत साधन अमेरिकाको कब्जामा रहने र नेपाल गुलाम बन्नी हुँदा यसलाई सबै नेपालीले समयमै ध्यान पुयाउन जरुरी रहेको उल्लेख गरे ।

# स्व.दुर्गानन्द झाको जीवन संघर्ष



२०२० साल माघ १५ गते दुर्गा नन्द झालाई जेलमै फाँसी दिइएको थियो । केन्द्रीय कारागारमा भेट्न गएका आमा श्रीमती र साथीहरुलाई भन्नुभयो “म अमरत्व प्राप्त गर्न लामो यात्रामा जाँदै छु, दृद रहनुहोला । प्रजातन्त्र अवश्य पुनः स्थापित हुनेछ ।”

दुर्गानन्द झाको जन्म १९९९ साल वैशाख १४ गते धनुषाको दक्षिणी गाउँ जटियामा आमा सुकुमारी देवी झा को गर्भबाट भएको थियो । बाबु देवनारायण झा उनी सानो छँदै बितेका थिए । दुर्गानन्द सानैदेखि राम्रो फूटबल खेलाडी थिए र राम्रो गीत पनि गाउँथे । नेपालको जटही गाउँमा प्राथमिक शिक्षा पाएपछि अगाडिको पढाइ त्यहाँ नहुने भएकोले उनी माध्यमिक तहको अध्ययनको लागि भारतको उँमगाउँको एउटा विद्यालयमा भर्ना भए ।

१८ वर्षे दुर्गानन्दले जानकी मन्दिर नजिक सेना र गुप्तचरका आँखा छल्दै ग्रिनेड प्रहार गरेका थिए । प्रहारबाट राजा महेन्द्र चढेको ल्याण्डरोभर गाडीको पछाडिपट्टि सामान्य क्षति भएपनि राजालाई केही भएन । त्यसपछि दुर्गानन्द झा भागेर भारतमा रहेको सशस्त्र क्याम्पमा पुगे ।यता दुर्गानन्दका परिवार, आफन्त, इष्टमित्र, छरछिमेक, कांग्रेस नेता लगायत ५६ जनालाई पक्राउ गरी ठूलो यातना दिइयो । दुर्गानन्द आफन्त, इष्टमित्रले पाएको यातनाबाट दु:खी भएर तत्कालीन सरकारलाई चिट्ठी लेख्दै गिरफ्तारी दिए । गिरफ्तार गरी जलेश्वर जेलमा एक रात राखेपछि परकौली सैनिक क्याम्पबाट उनलाई सेनाको हेलिकोप्टरबाट काठमाडौं ल्याई सुन्धारा स्थित भद्रगोल जेलमा राखियो ।

यो केसको छानविन गर्नका लागि एक विशेष अदालतको गठन गरिएको थियो । २०१९ भदौ १९ मा उनलाई कुनै सुनुवाईको मौका नै नदिई मृत्युदण्डको सजाय तोकिएको थियो । उनलाई २१ बर्षको उमेरमा २०२० साल माघ १५ गते मध्यराती केन्द्रीय कारागारमा पञ्चायत सरकारले मृत्युदण्ड दिएको थियो । मृत्युदण्डको अघिल्लो दिन २०२० साल माघ १४ गते उनले आमा सुकुमारी देवी र पत्नी काशीदेवी झालाई केही बेर भेटेर सान्त्वना दिए ।

दुर्गानन्दलाई विभिन्न शारिरीक र मानसिक यातना दिएर माफी मागी बिन्तीपत्र लेख्न भन्दा पनि उनले मानेनन् । फलतः उनलाई मृत्युदण्ड दिइयो । आमा लगायत परिवारले शव माग्दा पनि पञ्चायति सरकारले दिएन । कुशको लास बनाएर भारतको गयामा उनको दाहसंस्कार भयो । दुर्गानन्दकी आमाको २०६० भदौ ३१ गते निधन भएको विकिपिडियामा उल्लेख छ ।

# सीमा बन्दका कारण सास्ती, चोरबाटो प्रयोग गर्न बाध्य

सिरहा । सीमानाका लामो समयदेखि नखुल्दा भारतसँग खुला सिमाना रहेका तराईका जिल्लाका स्थानीयवासी चोरबाटो प्रयोग गर्न थालेका छन् । कोभिड-१९ को सङ्क्रमण जोखिमलाई ध्यानमा राखी सरकारले गत चैत ११ बाट देशव्यापी लकडाउनको घोषणा गरेसँगै सीमानाका बन्द गरेको थियो ।

सीमानाका लामो समयसम्म पनि नखुल्दा जिल्लाका स्थानीयवासी किनमेललगायत आफन्तलाई भेट्न जाँदासमेत चोरबाटो प्रयोग गर्न बाध्य छन् । खुला सिमाना भएका कारण पुलमुनि र आसपासबाट नदी तरेर आवत-जावत भने रोकिएको छैन । जिल्लाको ब्रह्मपुरीमा रहेको झिम नदीमा रहेको पुल बन्द भए पनि सर्वसाधारण पुलमुनिको खोलाबाट आवत-जावत गर्छन् ।

दैनिक उपभोग्य वस्तु भारतीय बजार सुनवर्षाबाट चोरबाटो हुँदै नेपालतर्फ आउने गरेको छ । साँझ र बिहान साइकल, मोटरसाइकल तथा ठूलाठूला पोका बनाएर टाउकोमा बोकेर व्यापारीको सामान तस्करी गर्नेहरू सर्लाहीका विभिन्न बजारसम्म पुग्ने गरेका छन् ।

प्रदेश २ का आठवटै जिल्ला भारतीय सीमासँग जोडिएका छन् । नाका खुलाउन सर्लाहीसहित प्रदेश २ का जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउँदै स्थानीयवासीले सीमामै धर्नासमेत दिएका थिए ।

सीमा बन्द हुँदा दैनिक उपभोग्य सामानको मूल्य बढ्नुका साथै औषधि उपचारमा पनि समस्या भएको नेपाल-भारत खुला सीमा संवाद समूहमा रहेका जिल्ला समन्वय समिति सर्लाहीका सभापति मेथुर चौधरीले बताए । सीमा बन्दकै कारण छोरी, चेली माइती र ससुराली आवत-जावत गर्दा अपमानित भएको र वारिपारि आफन्तको जन्ती र मलामी जान पनि समस्या भइरहेको उनको भनाइ छ ।

सीमा बन्दले दैनिक जनजीवनसँगै जिल्लामा व्यापार व्यवसायसमेत प्रभावित भएको उद्योग वाणिज्य सङ्घ लालबन्दीका अध्यक्ष कल्याणकुमार जोशीले बताए । चौसट्ठी किलोमिटर खुला सिमाना रहेको सर्लाहीमा खेतको बाटोको प्रयोगसमेत बढेको छ ।

# विपन्न, एकल महिला र अपाङ्गलाई फाइबर सिरक वितरण



सर्लाही । तराई मधेशमा एकहप्ता देखि व्याप्त गहिरो हुसुले गर्दा कडा चिसोका कारण अत्यन्त कष्टकर जीवन जिउन बाध्य सर्लाहीको चन्द्रनगर गाउँपालिकाका ५०० विपन्न परिवार, एकल महिला र अपाङ्गलाई गुणस्तरीय फाइवर सिरक प्रदान गरिएको छ ।

मुसहर, चमार, दुधास, डोम, मुस्लिम तथा अन्य समुदायका अति विपन्न परिवार र सबै जातिका विपन्न एकल महिला तथा अपाङ्गलाई सो फाइबर सिरक प्रदान गरिएको हो ।

दौतरी संस्थाको सहयोग तथा भोरको पहलमा चन्द्रनगर गाउँपालिकाका उक्त मानवीय सहयोग गरिएको छ, दौतरी संस्थाका अध्यक्ष सम्पन्न स्थापीतले बताएका छन् ।

विगतका वर्षहरुमा र यस वर्षमा पनि अत्याधिक चिसोको कारण विपन्न परिवारका कतिपय व्यक्तिहरुले ज्यान गुमाउनु परेको कारणले हामीले आवश्यकतामा रहेका विपन्न परिवार तथा जोखिम समूहका व्यक्तिहरुलाई चिसोबाट जोगउन फाइवर सिरक सहयोगको लागि पहल गरेका थियौ र दौतरी संस्थाले हाम्रो आग्रहमा सहयोग गरेको, भोरका अध्यक्ष पचुलाल माझीले बताए ।

चन्द्रगर गांउपालिकाका वडा नम्बर १, २, ३ ४ का ५०० परिवारमा चिसोबाट जोगाउन फाइवर सिरक वितरण गरीएको भोरका कोषाध्यक्ष उमेश कुमार साहले जानकारी दिए । वडा नम्बर ७ का सिरक वितरणलाई शिवनाथ राउतले संयोजन गरेको थियो ।

चन्द्रनगर गांउपालिका, वडा नम्बर २ को वडा अध्यक्ष राम नारायण महतोले १० माघको दिन बबरगंज मुसहर बस्तीबाट फाइवर सिरक वितरणको शुभारम्भ गर्दै भोरको पहल र दौतरीको सहयोगमा प्रदान गरिएको सहयोगको प्रसंशा गरे । दौतरीको मानवीय सहयाताको लागि चन्द्रनगर गांउपालिका वडा नम्बर २ को कार्यालयले प्रसंशा पत्र समेत प्रदान गरेको, वडा अध्यक्ष राम नारायण महतोले जानकारी दिए ।

पीडैपीडाले भरिएको जिवन, त्यसमाथि शारिरिक अपाड.ता र अहिलेको अत्याधिक चिसोमा काम्दै गरेको बीचमा गुणस्तरीय फाइवर सिरक पाएपछि अबको चिसो सित लडने सहारा भएको राजकल माझी मुसहरले बताए ।

समाजिक स्तरबाट प्रदान गरिएको मानवीय सहयोग गर्ने कार्य स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारको रहेको बताउदै, आफुहरुले परोपकार तथा मानवीय सहयोगको कार्य गरेको हो, दौतरी संस्थाकी उत्तरा मानन्धरले बताइन् ।

आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिको अभियानमा केन्द्रित भोर संस्थाले विपद बेला र जोखिममा रहेका परिवार तथा वर्गलाई मानवीय सहायता पनि निरन्तर प्रदान गर्ने आफनो जिम्मेवारी अनुरुप नै उक्त फाइवर सिरक सहयोगको पहल गरेको भोरका संस्थापक राज कुमार महतोले जनाए ।

# एमबीबीएसको शुल्क वृद्धिविरुद्ध जसपा निकट विद्यार्थी संगठनको विरोध

काठमाडौं । राष्ट्रिय चिकित्सा शिक्षा आयोगले एमबीबीएस अध्ययनका लागि आठ लाख शुल्क बढाउने निर्णय गरेकोप्रति जनता समाजवादी पार्टी नेपालनिकट विद्यार्थी संगठनले विरोध जनाएको छ ।

जसपानिकट राष्ट्रिय विद्यार्थी संघका महासचिव रञ्जित निष्पक्षले शुल्क वृद्धि प्रतिगमनकारी र आम नेपालीको छोराछोरीहरुलाई शिक्षाबाट बन्चित गर्ने दुश्प्रयास रहेको भन्दै निन्दा गर्दै अबिलम्ब यो निर्णय फिर्ता लिनुपर्ने बताएका छन् ।

शनिबार राष्ट्रिय चिकित्सा शिक्षा आयोगले एमबिबिएसको शुल्क बढाउन शिक्षा मन्त्रालयललाई सिफारिस गरेको थियो ।

महासचिव निस्पक्षले संविधानमा शिक्षा नागरिकको मौलिक अधिकार हो भनी लेख्ने र जनतालाई प्रत्याभूति नगराउने सरकार शैक्षिक माफियाहरुको इसारामा चलिरहेको आरोप लगाएका छन् ।

प्रधानमन्त्रीको अध्यक्षतामा रहेको चिकित्सा शिक्षा आयोगबाट यस्तो निर्णय आउनु निर्लज्ताको पराकाष्ठा नाघेको उनले बताएका छन् ।

हाल एमबीबीएसका लागि ४० लाख २३ हजार दुई सय ५० शुल्क निर्धारण भएको र झन् शुल्क घटाउनु पर्नेमा आयोगले आठ लाख वृद्धि गर्न सिफारिस गरेको निर्णयले मेडिकल शिक्षाबाट आम जन्समुदायको छोराछोरीलाई शिक्षाबाट बन्चित गर्ने निरंकुश शिक्षा प्रणाली लागू गर्न थालेको कार्यलाई अबिलम्ब फिर्ता नलिए देशव्यापी आन्दोलनको घोषणा गर्ने चेतावनी समेत उनले दिएका छन् ।

आयोगको उक्त निर्णय डा. गोविन्द केसीसँग सरकारले गरेको सम्झौता विपरीत भएकाले तत्काल सच्याउन सुझाव दिएका छन् ।

## संक्षिप्त समाचार

### उद्योगी राकेश अग्रवाल पक्राउ

काठमाडौं । उखु किसानको लाखौं रुपैयाँ भुक्तानी नदिएको आरोपमा अन्नपूर्ण एवं इन्दिरा सुगर मिलका सञ्चालक राकेश अग्रवाल पक्राउ परेका छन् । त्रिपुरेश्वरस्थित घरबाटै उनलाई पक्राउ गरिएको काठमाडौंका प्रहरी प्रमुख एसएसपी अशोक सिंहले जानकारी दिए । अग्रवालविरुद्ध ठगी सम्बन्धी कसूरमा किटानी जाहेरी परेको छ । गत ३० मंसिरमा उखु किसानलाई भुक्तानी नदिने उद्योगलाई पक्राउ गरी रकम असुल्ने निर्णय गृह मन्त्रालयले गरेको थियो । यसअघि २०७५ कात्तिकमा पनि उनी उखु किसानलाई भुक्तानी नदिएको अभियोगमा पक्राउ परेका थिए ।

### पिछडावर्गमा महतो निर्वाचित

जनकपुरधाम । पिछडावर्ग (ओबीसी) महासभाको राष्ट्रिय महाधिवेशनबाट राष्ट्रिय अध्यक्ष पदमा रामकुमार महतोसहित सम्पूर्ण पदाधिकारी निर्विरोध निर्वाचित भएका छन् । जनकपुरधाममा शनिबारदेखि चलिरहेको पिछडावर्ग ओबीसीको महाधिवेशनबाट आइतबार राष्ट्रिय अध्यक्षमा महतोसहित ४१ जना नयाँ पदाधिकारी निर्विरोध निर्वाचित भएका हुन् । निर्वाचित नयाँ कार्य समितिमा अध्यक्ष एक जना, उपाध्यक्ष ५ जना, महासचिव १ जना, सह-महासचिव २ जना, सचिव २ जना, कोषाध्यक्ष १ जना, सह(कोषाध्यक्ष एक जना रहेका छन् । यस्तै महिला सदस्य १० जना र पुरुष सदस्य १८ जना गरि ४१ जनाको कार्यसमिति निर्विरोध चयन भएको निर्वाचन समितिले जानकारी दिएको छ । निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई निर्वाचन अधिकृत कालेश्वर महतोले प्रमाण पत्र वितरण तथा सपथ ग्रहण गराएका छन् ।

### ठेला मजदुरलाई कम्बल वितरण

वीरगञ्ज । वीरगञ्जमा अत्याधिक चिसो मौसमका कारण प्रभावित ३० जनालाई कम्बल वितरण गरिएको छ । रुंगटा वेलफेयर सोसाइटीले चिसो प्रभावित विपन्न नागरिकलाई कम्बल वितरण गरेको हो । वीरगञ्जमा ठेला चलाएर जीविकोपार्जन गर्दै आएका ३० जना मजदुरलाई कम्बल वितरण गरिएको ग्रिन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतानले जानकारी दिए । ग्रिनसिटीले रुंगटा वेयलफेयरकै सहयोगमा यसअघि आमाको माया छात्रावासका बालबालिका, वडा प्रहरी कार्यालय विर्ता, श्रीपुरको थुनुवा कक्ष लगायतका ठाउँमा २ सय जनालाई कम्बल वितरण गरिसकेको छ । गुप्तदानबाट प्राप्त २ लाख ५१ हजार रुपैयाँ आमाको माया छात्राबासलाई हस्तान्तरण गरिएको खेतानले जानकारी दिए ।

### मोटरसाइकलमा आगजानी

रुपन्देही । तिलोत्तमा नगरपालिका-१४ बागधुरास्थित तिनाउ खोलाको किनारामा सोही ठाउँ बस्ने रामसुरत केवटको लु.६४ प २४१५ नम्बरको मोटरसाइकलमा सोमबार बिहान आगजानी भएको छ । उक्त खोलाको किनारमा नम्बर नखुलेको मोटरसाइकल पूर्णरुपमा जलेको अवस्थामा रहेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रुपन्देही र प्रहरी चौकी चिल्हीयाबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा रामसुरतको घरबाट आइतबार राति हराएको उक्त मोटरसाइकल अज्ञात व्यक्तिले आगजानी गरेको खुल्न आएको छ । उक्त मोटरसाइकलमा आगजानी गर्ने हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### श्रीमतीलाई हत्या गर्ने पक्राउ

मोरङ । आफ्नै श्रीमती ३५ वर्षीया दिलमाया राईलाई बञ्चरो प्रहार गरी हत्या गरेको अभियोगमा उर्लाबारी नगरपालिका-२ सिरुझार बस्ने ५० वर्षीय डिक बहादुर राईलाई प्रहरीले पक्राउ गरेको छ । घरायसी विवादको क्रममा राईले दिलमायालाई बञ्चरो प्रहार गर्दा गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी मंगलबारेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । घाइतेको मंगलबारे अस्पताल हुँदै न्यूरो अस्पतालमा थप उपचारको क्रममा मृत्यु भएको हो ।

### किशोरकिशोरी संवाद क्लबलाई सिलाइ मेसिन

कपिलवस्तु । हरियाली किशोरकिशोरी संवाद क्लबलाई शिवराज नगरपालिका-३ का वडा अध्यक्ष टेकलाल सापकोटाले एक थान सिलाई हस्तान्तरण गरेका छन् । बुधबार सिलाई मेसिन ग्रहण गर्दै क्लबकी अध्यक्ष स्नेहा थारुले अध्यक्ष सापकोटालाई धन्यावाद दिदैं आफूहरुले एकदमै उत्साहका सामाजिक गतिविधी सञ्चालन गरिने उनले बताईन् । बलुहवा गाउँका क्लबकी अध्यक्ष थारुले विगत केहि बर्षदेखि किर्डाक नेपालको विशेष सहयोगमा सामाजिक गतिविधीमा क्रियासिल हुँदै लैंगिक हिंसा, सरसफाई लगायतका क्रियाकलापमा सक्रियाता जनाउँदै आर्थिक समृद्धिमा समेत क्लबले टेवा पुयाउने प्रतिबद्धता व्यक्त गरिन् ।

### जनकपुरको यातायात कार्यालयमा छापा

जनकपुरधाम । यातायात व्यवस्था कार्यालय जनकपुरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले छापा मारेको छ । सेवाग्राहीसँग लिएको घुसको मोटो रकम कार्यालयमै रहेको सूचनाको आधारमा अख्तियारको बर्दिवासबाट आएको टोलीले कार्यालयमा छापा मारेको हो । सवारी चालक परिचय-पत्र वापत उठाएको घुसको ठूलो रकम कार्यालयभित्रै भेटिने जानकारी अख्तियारलाई पुगेपछि टोलीले छापा मारेको अख्तियार कार्यालय बर्दिवासका अधिकृत मनिराम ज्ञवालीले बताए । उनले गोप्य सूचना पाएको र सोही आधारमा छापामारी गरेको र अनुसन्धान अहिले जारी नै रहेको बताए । अख्तियारको टोली कार्यालयभित्र प्रवेश गरेपछि कर्मचारीहरु भाग्न खोजेको थिए ।

### खैरो हेरोइनजस्तो देखिने पदार्थसहित पक्राउ

कैलाली । जोशीपुर गाउँपालिका-२ मिलनटोलबाट अवैध लागूऔषध करिब २० ग्राम १ सय ४० मिलीग्राम खैरो हेरोईन जस्तो देखिने पदार्थ सहित सोही ठाउँ बस्ने ३२ वर्षीया अनिता भाटलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । अनिताले घरमा अवैध लागूऔषध खैरो हेरोईन लुकाई राखेकी छन् भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कैलाली र ईलाका प्रहरी कार्यालय सूर्यपुरबाट खटिएको संयुक्त प्रहरीले उनको घर तलासी गर्नेक्रममा ग्याँस चुलो राख्ने र्यापकमा प्लाष्टिकभित्र लुकाइ राखेको उक्त पदार्थ फेला पारी उनलाई पक्राउ गरेको हो ।

### लागूऔषधसहित पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१३ लोहियान पुरुवाबाट अवैध लागूऔषध ४ ग्राम ९ सय मिलीग्राम ब्राउन सुगर जस्तो देखिने पदार्थ सहित सोही ठाउँ बस्ने २२ वर्षीय वचाउ लोहनियालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँके र लागूऔषध नियन्त्रण ब्यूरो नेपालगञ्जबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### महिला मृत अवस्थामा फेला

मोरङ । कानेपोखरी गाउँपालिका-७ स्थित सार्वजनिक शौचालय नजिक टहरोमा सोही गाउँपालिका(५ घर भएका ३५ बर्षीया मालो मल्लिक मंगलबार मृत फेला परेकी छिन् । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### आगलागीबाट तीन लाखको क्षति

रौतहट । गौर नगरपालिका-३ पोखरीया टोल बस्ने अफरोज आलमको कुखुरा फर्ममा बिद्युतको तार सर्ट भई गएराति आगलागी हुँदा करिब ३ लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ । स्थानीयबासीको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### बहुविवाह मुद्दाका फरार प्रतिवादी पक्राउ

बाँके । बहुविवाह मुद्दामा फरारखजुरा गाउँपालिका-२ उदरापुर बस्ने २१ वर्षीया विना कुमारी खटिकलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत बाँकेको २०७७ कात्तिक २० गतेको फैसलाले बहुविवाह मुद्दामा ११ महिना १२ दिन कैद सजाय भई फरार रहेका उनलाई स्थानीय प्रहरीले पक्राउ गरेको हो । उनलाई आवश्यक कारवाहीको लागि जिल्ला अदालत बाँकेमा बुझाइएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

## विश्व परिवेश

# मोदी अहिलेसम्मकै उत्तम प्रधानमन्त्री, योगी लोकप्रिय मुख्यमन्त्री

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी भारतकै सबैभन्दा उत्तम प्रधानमन्त्री बन्न सफल भएका छन् । भारतमा गरिएको एक सर्वे अनुसार मोदी अहिलेसम्मकै सबैभन्दा उत्तम प्रधानमन्त्री बन्न सफल भएका हुन् ।



त्यसैगरी उत्तर प्रदेशका मूख्यमन्त्री योगी आदित्यनाथ सबैभन्दा लोकप्रिय मूख्यमन्त्री बन्न सफल भएका छन् ।
कोरोना भाइरसको महामारीसँग लड्ने क्षमतामा कौशल तथा सीमामा चीनसँग कडा टक्कर लिन सफल भएसँगै मोदीलाई अहिलेसम्मकै उत्कृष्ट भारतीय प्रधानमन्त्री बताइएको हो ।
इन्डिया टुडे र कार्वी इनसाइट्सको मुड अफ द नेशन पोलका अनुसार ३८ प्रतिशत सर्वेमा सहभागीले मोदी अहिलेसम्मकै सबैभन्दा उत्तम प्रधानमन्त्री मानेका छन् ।
१८ प्रतिशतले अटल बिहारी वाजपेयीलाई, ११ प्रतिशतले इन्दिरा गान्धीलाई र ८ प्रतिशतले जवाहरलाल नेहरूलाई सबैभन्दा उत्तम प्रधानमन्त्री मानेका छन् ।
सर्वेमा अलग अलग राज्यमा सरकारको शासनसँगै उत्कृष्ट प्रदर्शन गर्ने मूख्यमन्त्रीलाई लिएरसमेत चासो भएको छ । उक्त सर्वेमा उत्तरप्रदेशका मूख्यमन्त्री योगी आदित्यनाथ सबैभन्दा लोकप्रिय भएका छन् ।
सर्वेमा उनले सबैभन्दा बढी २५ प्रतिशत मत पाएका छन् । उनले सबैभन्दा राम्रो काम गरेको दाबी गरिएको छ । दोस्रो नम्बरमा दिल्लीका मूख्यमन्ख्त्री अरविन्द केजरीवाल परेका छन् ।
उनलाई १४ प्रतिशतले मन पराएका छन् । तेस्रो नम्बरमा पश्चिम बंगालकी मूख्यमन्त्री ममता बनर्जी रहेकी छिन् । उनलाई ८ प्रतिशतले मन पराएका छन् ।
यता सर्वे अनुसार मोदी सरकार-२ मा सबैभन्दा मन पराइएका मन्त्री गृहमन्त्री अमित शाह भएका छन् । उनलाई ३९ प्रतिशतले मन पराएका छन् । दोस्रो नम्बरमा रक्षा मन्त्री राजनाथ सिंह रहेका छन् । उनले १४ प्रतिशत मत पाउँदा तेस्रो नम्बरमा मन्त्री नितिन गडकरी रहेका छन् ।

## भारतको कोरोना भ्याक्सिनमैत्री व्यवहारबाट चीनलाई छटपटी

काठमाडौं । भारतको कोरोना भाइरसको भ्याक्सिनमैत्री व्यवहारबाट चीनलाई छटपटी भएको छ । भारतीय विदेश मन्त्रालय स्रोतका अनुसार कोरोना महामारीका बीच भारतले विभिन्न देशहरुलाई खोप दिएर सघाउन थालेपछि चीनलाई छटपटी छुटेको हो । भारतले पहिलेदेखि नै श्रीलंका, अफगानिस्तान र पाकिस्तानलाई छाडेर सार्क स्तरीय सबै देशमा सिरम इस्टिच्यूट (एसआईआई) को कोभिशिल्ड भ्याक्सिन अनुदानमा दिएको छ ।
भारतको यही डिप्लोमेसी चीनले पचाउन नसकेको बताइएको छ । भारतको अभियानले चीनलाई दक्षिण एसियामा पछाडि धकेलिदिएको छ । चिनियाँ सरकारको मूखपत्र ग्लोबल टाइम्सले भारतको यो अभियानविरुद्ध दुष्प्रचार तथा बदनाम गर्न लागिपरेको भारतीय निष्कर्ष छ ।
भारतको कोरोना भ्याक्सिनको विश्वभर नै चर्चा भइरहेको छ । भारतले २० लाख डोज बंगलादेशलाई, १० लाख डोज नेपाललाई, डेढ लाख डोज भुटानलाई तथा एक लाख डोज माल्दिभ्सलाई दिइसकेको छ ।
यही २७ जनवरीमा भारतले श्रीलंकालाई पाँच लाख डोज भ्याक्सिन अनुदानमा दिँदैछ । त्यसैगरी स्थानीय रेगुलेटरबाट स्वीकृति पाउनासाथ अफगानिस्तानमा पनि भ्याक्सिन पठाउने तयारी भारतको रहेको बताएको छ ।
निरन्तर भारतले सहयोग गरिरहँदा ग्लोबल टाइम्सले भने भारतको भ्याक्सिन मैत्रीको विरुद्धमा सिरम इन्स्टिच्यूटमा आगलागी भएपछि दुस्प्रचार गरेको छ । उसले भ्याक्सिन उत्पादन क्षमतामाथि प्रश्न उठाएको छ ।
उसले चीनमा रहने भारतीयहरुले चिनियाँ भ्याक्सिनलाई नै प्राथमिकता दिएको भन्दै भारतमा बनेको भ्याक्सिनको क्षमतामाथि प्रश्न उठाएको हो । उसले कोभिशिल्डलाई लिएर 'ब्रिजिङ स्टडी' पूरा नगरेको आरोप लगाएको छ ।
तर त्यसको विपरीत भारतमा निर्मित भ्याक्सिन साउदी अरेबिया, दक्षिण अफ्रिका, ब्रजिल, मोरक्को, म्यानमारमा पठाउने काम गरेको छ ।

## बीआरआई फ्रेमवर्कको गम्भीर मोडमा चीन र पाकिस्तान

कराँची । चीनको महत्वाकांक्षी परियोजना बेल्ट एन्ड रोड इनिसियटीभ (बीआरआई)को फ्रेमवर्कको गम्भीर मोडमा चीन र पाकिस्तान पुगेका छन् । जसका कारण सदाबहार साझेदार चीन पाकिस्तान आर्थिक करिडोर (सीपीईसी)को वार्षिक द्विपक्षीय शिखर सम्मेलनमा ढिलाइ भएको छ ।
संयुक्त सहकार्य समिति (जेसीसी)सीपीईसीको प्रमुख निर्णय गर्ने निकाय हो । यो योजनामा संयुक्तरुपमा पाकिस्तानको योजना, विकासमन्त्री र चिनियाँ राष्ट्रिय विकास र सुधार आयोगका उपाध्यक्षले अध्यक्षता गरिँदै आएको छ ।
पहिलो जेसीसी बैठक २०१३ को अगस्तमा सम्पन्न भएको थियो भने पछिल्लो पटक नोभेम्बर २०१९ मा सम्पन्न भएको थियो । जेसीसीको १० औं बैठक सन् २०२० को सुरुवातका लागि तयर गरिए पनि हालसम्म बस्न सकेको छैन ।
सन् २०२० को सुरुवातमा कोरोना महामारीलाई कारण देखाउँदै बैठकमा ढिलाइ गरेको भन्ने देखाइए पनि हाल वास्तविकता भने बाहिरिएको छ । निक्कि एसियाका अनुसार बैठकमा ढिलाइ हुनुको मुख्य कारण कोरोना महामारी नभइ रेल परियोजना र विशेष आर्थिक क्षेत्रकाबारे दुबै मुलुकबीचको असहमति रहेको भन्ने खुलेको छ ।
पाकिस्तानको योजना, विकास र विशेष पहल मन्त्री असद उमरले स्थानीय मिडियालाई नोभेम्बरमा १० औं जेसीसी आगामी महिनामा आयोजना गरिने बताएका थिए । तर, हालसम्म बैठक कहिले बस्ने भन्ने कुनै टुंगो लागेको छैन । तर, नाम नखुलाउने शर्तमा पाकिस्तानी योजना आयोगका अधिकारीले भने तीन महिनासम्म बैठक बस्न नसक्ने बताएको स्थानिय मिडियाहरुलाई उदृत गर्दै समाचार संस्थाहरुले लेखेका छन् ।
एमएल १ सबैभन्दा ठूलो सीपीईसी परियोजना हो । यसले पाकिस्तानलाई थप ऋणमा डुबाउने देखिएकोले पाकिस्तानले यस विषयमा पुनर्विचार गर्ने भएको छ । उक्त रकम पाकिस्तानलाई तीन प्रतिशत ब्याजमा उपलब्ध गराइने भएको हो ।
चीनले त्यस्ता परियोजनाहरूको लागि सहुलियत र व्यवसायिक गरि मिश्रित ऋणको प्रस्ताव गरेको छ । यो योजना आयोगका अधिकारीहरुका अनुसार समग्र ब्याज दर इस्लामावादले ठूलो वृद्धि गर्नसक्छ ।

## चीनको "डेब्ट ट्र्याप"मा फसेको पाकिस्तान अर्थतन्त्र धान्न पार्क बेच्दै

काठमाडौं । वैदेशिक ऋणका कारण आर्थिक संकटतिर डोरिएको पाकिस्तान अर्थतन्त्र धान्नका लागि पार्क बेच्ने स्थितिमा पुगेको त्यहाँको पत्रिका 'डन'ले जनाएको छ ।
इमरान खान नेतृत्वको संघिय सरकारले इस्लामाबादको सबैभन्दा ठूलो फतिमा जिन्ना (एफ-९) पार्क ५ खर्ब अमेरिकी डलरमा बेच्ने तयारी गरेको हो ।
संघीय सरकार आर्थिक संकटमा परेका कारण यो निर्णय अघि सारेको पाकिस्तानी पत्रिका डनले उल्लेख गरेको छ । सबैभन्दा बढी रेमिट्यान्स भित्रिने साउदी अरेबिया र युनाइटेड अरब इमिरेट्ससँग सम्बन्ध बिग्रिदै गइरहेका बेला पाकिस्तानले यस्तो निर्णय गरेको हो ।
गत अगस्तमा साउदीले पाकिस्तानलाई तत्काल ३ खर्ब अमेरिकी डलर ऋण तिर्न निर्देशन दिएको थियो । युनाइटेड अरब एमिरेट्स(युएई)ले हालै पाकिस्तानी कामदारका लागि भिसा दिन रोक लगाएको छ । यसअघि यी दुई मूलूकसँग पाकिस्तानको राम्रो सम्बन्ध रहिआएको थियो ।
तर, पाकिस्तानले टर्कीसँग र टर्की समर्थनमा हुइकिएपछि साउदी र युएईले पाकिस्तानलाई झट्का दिएको हो ।
मलेसिया, पाकिस्तान र टर्कीबीच नयाँ इस्लामीक गठबन्धनको पहल चाल्नुले पाकिस्तानलाई अरब विश्वबाट विरोधीको अर्को दर्जा मिलेको थियो ।
यद्यपी, मलेसियामा सत्ता परिवर्तन भएपछि पाकिस्तानलाई उल्टै झट्का लागेको छ । पाकिस्तानको निकट मित्र रहेको टर्की आफै आर्थिक संकटमा छ । अहिलेको अवस्थामा आउँदा अरब बिश्वमा आफुलाई चम्काउन खोजेको पाकिस्तान ती मुलुककहरुबाटै दमनमा परेको छ ।
पाकिस्तानको अर्को बन्धुका रुपमा रहेको चलाख चीनले त्यहाँ सञ्चालन भइरहेको आफ्नो परियोजना (चाइना-पाकिस्तान इकोनोमिक करिडोर-सिप्याक)मा ढिलाइ भइरहेका कारण पाकिस्तानलाई पैंसा दिइरहेको छैन ।
पाकिस्तानको बलुचिस्तान, गिलगिट बाल्टिस्तान र पञ्जाबलगायतका क्षेत्रमा सिप्याक परियोजनाको विरोध हुँदै आएको छ ।


**शीत-लहरीके समयमे ठण्ढीसा लोकके मृत्युसेहो भ सकैत छै तो.**

- धीयापूता, वृद्धवृद्धा, गर्भवती महिला आ बिमारके रेखदेखमे विशेष सतर्कता अपनबैत धीयापुताकेँ गरमाएल अवस्थामे रखबाक व्यवस्था करु।
- ठण्ढीके कारण बिमार होइते स्वास्थ्य चौकी वा अस्पतालमे तुरन्त इलाजके लेल ल' जाउ।
- शीत–लहरी चलल समयमे घरमे पोसल पशुपंक्षीके भरिसक खुला स्थानमे चराब'लेल नई ल' जाउ। गोठमे राखिक' पर्याप्त घास/पोआर आ दाना देबाक व्यवस्था करु।
- ठण्ढीके कारण पशुपंक्षी बिमार भेलापर लगेके पशु चिकित्सालयमे तुरन्ते सम्पर्क क' इलाज कराब' ल' जाउ।
- कोठली भितर आइग बाइरक' गरम कएलापर पर्याप्त धुँवा निकल' के अर्थात भेण्टिलेसनके व्यवस्था कर' के नई बिसरु।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## कोरोना निर्देशिकाको म्याद थप

काठमाडौं । भारतमा कोरोनाभाइरस नियन्त्रणका लागि जारी गरिएको निर्देशिका लागू हुने समयावधि फेरी लम्ब्याइएको छ ।
भारतीय केन्द्रीय सरकारले निर्देशिका कार्यान्वयनको अवधि कम्तीमा एक महिना लम्ब्याइएको घोषणा गरेको हो । हरेक नागरिकले घर बाहिर निस्कँदा मास्क अनिवार्य लगाउनु पर्ने, सामाजिक दूरी कायम गर्नुपर्ने, सेनिटाइजरको प्रयोग गर्नु पर्ने वा निरन्तर साबुन पानीले हात धुनु पर्नेलगायतका नियम कडाइका साथ पालना गर्नु पर्ने व्यवस्था निर्देशिकामा गरिएको छ ।
यसअघि यो निर्देशिका यही जनवरीको अन्त्यसम्मका लागि लागू गर्ने निर्णय भएकोमा अहिले लम्ब्याएर आगामी फेब्रुअरी २८ तारिखसम्म लागू गर्ने निर्णय भएको हो ।
भारतमा पछिल्ला केही महिनादेखि कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरूको सङ्ख्या घट्दै गए पनि सरकारले निर्देशिकालाई कडाइका साथ लागू गर्ने निर्णय गरेको छ ।

## जिल्ला समाचार

### लोकतन्त्रविरुद्ध षड्यन्त्र गरेको आरोप

रौतहट । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता एवं शहरी विकास मन्त्री प्रभु साहले न्यायालयमाथि दबाब दिनेहरू लोकतन्त्रवादी हुन नसक्ने बताएका छन् । आइतबार रौतहटको गुजरा नगरपालिका-९, सिम्रा भवानीपुरमा आयोजित नगरस्तरीय कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेकपा प्रदेश २ का अध्यक्ष समेत रहेका नेता साहले माधव नेपाल र प्रचण्डको समुहले आफैले बनाएको संविधानलाई समेत नमानेको टिप्पणी गरे । प्रचण्ड र माधव नेपालले नै बनाएको संविधानको व्याख्याको विषयमा जटिल कानुनी प्रश्न उठेमा त्यसको न्याय निरूपण संवैधानिक इजलासबाट गर्ने भनी स्पष्ट व्यवस्था रहेपनि अदालतमा विचाराधीन मुद्दाको बारेमा टिप्पणी गरेर न्यायालयमाथि दबाब दिइएको भन्दै नेता साहले आपत्ति जनाए ।
उनले माधव-प्रचण्डले आफ्नै पार्टीभित्र अन्तरघात गर्ने, आफ्नै पार्टीको सरकार विरुद्ध षडयन्त्र गर्ने, संसदलाई बन्धक बनाउने जस्ता जालझेल गर्दै अहिले न्यायालयलाई निशाना बनाइरहेको बताए । स्वतन्त्र न्यायालयमाथि माधव-प्रचण्डले निरन्तर दबाब दिएर लोकतन्त्रविरुद्ध षड्यन्त्र गरेको नेता साहको भनाई छ ।

### विषयगत शिक्षकको माग गर्दै प्रदर्शन

पर्सा । ६ महिनादेखि विद्यालयमा विषयगत शिक्षक नभएको भन्दै श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका विद्यार्थीहरुले महानगर अगाडि नाराबाजी र प्रदर्शन गरेका छन । विद्यार्थीहरुले विद्यालयमा विगत ६ महिनादेखि बिषयगत शिक्षकको अभाव रहेको र बारम्बार शिक्षक पठाइ दिन सम्बन्धित निकायसँय माग गर्दा शिक्षक आपूर्ति नगरेको भन्दै नाराबाजी र प्रदर्शन गरेका हुन् । विद्यालयमा अध्यनरत विद्यार्थीहरुले आफूहरुको पढाइ प्रभावित भएकोले बाध्य भएर नाराबाजी र महानगरको कार्यालय अगाडि आएर प्रदर्शन गर्नु परेको बताएका छन् । यसका साथै उनीहरुले महानगरपालिकाका शिक्षा शाखाका प्रमुख अरबिन्दलाल कर्णविरुद्ध समेत नाराबाजी गरेका छन् । उनीहरुले विद्यालयमा लामो समय देखि शिक्षक अभाव रहेको बारे पटक पटक जानकारी गराउदा पनि महानगरको शिक्षा शाखाले बेबास्ता गर्दै आएको विद्यार्थीहरुको भनाइ थियो । विद्यालयमा बिगत ६ महिनादेखि बिषयगत शिक्षकको अभाव रहेको स्विकार गर्दै महानगरका शिक्षा शाखा प्रमुख अरबिन्द लाल कर्णले उक्त विद्यालयमा केही दिन पहिले नै अर्को शिक्षक पठाएको दाबी गरे । उनले विद्यार्थीहरुले पहिलाकै शिक्षक चाहिने माग गर्दै आएको भए पनि ती शिक्षक भने त्यहाँबाट अन्यत्र सरुवा गराएर गएकोले समस्या उत्पन्न भएको बताए । महानगरका सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दि मिलानको कार्य चलिरहेकोले पनि केही ठाउँमा शिक्षकको समस्या आएको कर्णको भनाइ छ ।

### करिब ७४ लाख रूपैयाँ ठगी फरार व्यक्ति पक्राउ

कैलाली । विभिन्न प्रलोभनमा पारी ७३ लाख ९३ हजार ९ सय ९ रुपैयाँ ठगी गर्ने कार्यमा संलग्न रही फरार गौरीगंगा नगरपालिका-८ बस्ने ३४ वर्षीय राजाराम चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनलाई लम्कीचुहा नगरपालिका-९ धनचैयास्थित भिनाजुको घरमा लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो । चौधरीले सिटिभिटिबाट अनुमति लिएको भन्दै अनुमति विना नै गैरकानूनी रूपमा धनगढी उपमहानगरपालिका(८ स्थित संचालन गरेको मल्टिस्किल ईन्ष्टिच्यूट अफ टेक्नोलोजी प्रालिमा भर्ना लिई अध्ययन गराई अभिभावक तथा ईन्ष्टिच्यूटमा अध्ययनरत १ सय १८ जनालाई झुक्याई ४९ लाख २८ हजार ४ सय ९५ रुपैयाँ ठगी गरेको मुद्धामा जिल्ला अदालत कैलालीको २०७४ चैत १४ गतेको फैसालाले उनलाई २ महिना कैद र ३ लाख २८ हजार ४ सय ९५ रुपैयाँ जरिवाना भएको थियो । साथै २०७५ मङ्सिर ४ देखि मङ्सिर ७ गतेसम्म पटक पटक गरी सोही ईन्ष्टिच्यूटमा बिद्यार्थीहरूको भर्ना शुल्क र मासिक शुल्क गरी १९ लाख ६५ हजार ४ सय १४ रुपैयाँ ठगी फरार भएको तथा धनगढी उपमहानगपालिका-१ बस्ने एक महिलालाई भारत बैंगलोरबाट बिएससी नर्सिङ पास गरेको प्रमाणपत्रहरू त्रिभुवन विश्वविद्यालय काठमाडौंबाट मान्यता दिलाउन भनि प्रलोभनमा पारी ५ लाख रुपैयाँ ठगी गरेको अनुसन्धनाबाट खुल्न आएको थियो । साथै सोही कार्यमा संलग्न कैलाली, कैलारी गाउँपालिका-९ बस्ने ३३ वर्षीय शिव कुमार चौधरीलाई यसअघि माघ ५ गते पक्राउ गरी जिल्ला अदालतबाट म्याद थप अनुमति लिई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

### प्रदेश २ मा ३४ हजारलाई कोभिड खोप दिइने

जनकपुरधाम । प्रदेश २ मा बुधबारदेखि सुरु हुने कोरोनाविरुद्धको खोप अभियान आठै जिल्लामा एकैसाथ सुरु गरिने भएको छ । प्रदेश २ मा ३४ हजार ८ सय ४ जनालाई खोप लगाउने तयारी गरिएको छ । प्रादेशिक कोरोना संकट व्यवस्थापन समितिको बैठकले आठवटै जिल्लाबाट एकै साथ अभियान सुरु गर्ने निर्णय गरेको छ । अभियानमा मुख्यमन्त्री र मन्त्रीले सहभागिता जनाउने निर्णय बैठकले गरेको छ । वीरगञ्जमा मुख्यमन्त्री लालबाबु राउत, अस्थायी राजधानी जनकपुरधाममा आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र यादव र राजविराजमा सामाजिक विकास मन्त्री नलवलकिशोर साहले सहभागिता जनाउँदै खोप अभियान शुभारम्भ गर्ने निर्णय बैठकले गरेको छ । वीरगञ्जस्थित नारायणी अस्पताल, जनकपुरधामस्थित प्रादेशिक अस्पताल, राजविराजस्थित गजेन्द्रनारायण सिंह तथा अन्य जिल्लामा जिल्ला अस्पतालबाट अभियान प्रारम्भ गरिनेछ । सप्तरीका लागि ३ हजार ७ सय ५४, सिराहाका लागि ३ हजार ९ सय ३०, धनुषाका लागि ९ हजार १ सय ८२, महोत्तरीका लागि २ हजार १ सय ९१, सर्लाहीका लागि ४ हजार ७ सय ७२, रौतहटका लागि ३ हजार ६ सय ९, बाराका लागि २ हजार ३ सय ९५ र पर्साका लागि ४ हजार ९ सय ७१ डोज कोरोना खोप आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

### कैलालीममा चार मतदान केन्द्र थप

धनगढी । कैलालीमा मतदान केन्द्रहरु हेरफेर भएको छ । कैलाली जिल्ला निर्वाचन समितिको बैठकले चार वटा मतदान केन्द्र थप गरेको छ । जिल्ला निर्वाचन कार्यालय प्रमुख प्रेमराज भट्टले धनगढी उपमहानगरपालिका वडा नम्बर १४ मा सिद्धार्थ आधारभूत विद्यालय, गोदावरी नगरपालिका वडा नम्बर ४ हाटखोलीको दुर्गा माध्यामिक विद्यालयमा मतदान केन्द्र थप गरेको जानकारी दिए । कैलालीको मोहन्याल गाउँपालिका वडा नम्बर १, रक्साका स्थानीयहरूले कालिका राष्ट्रिय माध्यामिक विद्यालयमा मतदान गर्दै आएका थिए । भौगोलिक विकटताका कारण मतदाताहरूलाई पायक नपरेपछि समितिको बैठकले सोही वडाको राष्ट्रिय आधारभूत विद्यालय चोसेकाडालाई मतदान स्थल तोकिएको छ । त्यस्तै, धनगढी उपमहानगरपालिका वडा नम्बर १ का मतदाताहरूले धनगढी उपमहानगरपालिकाको कार्यालय भवन अगाडी मतदान गर्दै आएका थिए । अब धनगढी उपमहानगरपालिका वडा नम्बर १ का मतदाताका लागि त्रिनगर माध्यामिक विद्यालयलाई मतदान स्थल बनाउने निर्णय गरेको बताए ।

### रेड पाण्डाको छालासहित ३ जना पक्राउ

बाँके । कोहलपुर नगरपालिका-१२ चप्परगौरीस्थित दैलेखी होटलबाट २ थान रेड पाण्डाको छाला सहित ३ जनालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सुर्खेत भेरीगंगा नगरपालिका-१० बस्ने ४० वर्षीय दल बहादुर शाही, जाजरकोट जुनिचाँदी गाउँपालिका-११ बस्ने ४२ वर्षीय धन बहादुर शाही र सल्यान बनगाड कुपिन्डेदह नगरपालिका-४ बस्ने ३३ वर्षीय भरत बहादुर पुन रहेका छन् । उक्त होटलमा लोपउन्मुख बन्यजन्तु रेड पाण्डाको छालाको अबैध कारोबार भईरहेको भन्ने खबर प्राप्त हुनासाथ लुम्बिनी प्रदेश प्रहरी कार्यालयको ब्यूरो टोली र ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको संयुक्त प्रहरीले होटलको ११३ नम्बर कोठामा बसेका उनीहरूलाई झोलामा लुकाई राखेको उक्त छाला सहित फेला पारी पक्राउ गरेको हो । उनीहरूलाई थप अनुसन्धान तथा कारवाहीको लागि बाँके राष्ट्रिय निकुञ्ज कार्यालय पठाईएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### आगलागीबाट ८० लाखको क्षति

रुपन्देही । चप्पल कारखानामा आगलागी हुँदा ८० लाखभन्दा बढीको क्षति भएको छ । बुटवल उपमहानगरपालिका-११ स्थित एभरेष्ट चप्पल फ्याक्ट्रीमा सोमबार दिउँसो आगलागी हुँदा फ्याक्ट्रीमा भएको मेसिन र चप्पल बनाउने कच्चा पदार्थ जलेर करिब ८० लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

## कला/साहित्य

कमल मण्डल



# सिनेमेटो ग्राफर आलोक शुक्ला



सिनेमाको कुरा गर्ने हो भने सिनेमा खिच्ने मान्छे अर्थात सिनेमेटो ग्राफरको भूमिका अग्रणी स्थानमा आउँछ । एउटा सिनेमा निर्माण गर्ने विभिन्न चरणहरुमध्ये खिच्ने काम आफैमा एउटा ठूलो र चुनौतीपूर्ण काम हो । सिनेमाको कुनै दृष्य खिचेपछि मात्रै सम्पादन तथा अन्य काम गरिन्छ । निकै चुनौतीपूर्ण रहेको यस विधामा सिकेर अथवा कोर्स गरेर थोरै मान्छेहरु लागेको देखिन्छ । यस्तै थोरै मान्छेहरु मध्ये एक हो आलोक कुमार शुक्ला । कपिलवस्तुको बरकुल्ला स्थायी घर भएका शुक्ला पोष्ट ग्रयाजुएट इन सिनेमेटो ग्राफर फ्रम फिल्म एण्ड टि.भि. अफ इण्डिया, पुणाबाट गरेर आएपछि अहिले भ्याइ न भ्याई छन् । कामको सिलसिलामा कहिले काठमाडौं कहिले मुम्बई, कहिले हिमाल पहाड त कहिले तराई मधेश पुगीराख्नु पर्छ । शुक्ला दुई दर्जन जति हिन्दी फिल्महरुमा दोस्रो छायाकारको रुपमा काम गरिसकेका छन् । भारतको चर्चित म्युजिक कम्पनी टि–सिरीजको विभिन्न एल्बम तथा हिन्दी सर्ट फिल्महरु पनि खिचिसकेका छन् । उनले खिचेको फिल्म कान्स फिल्म फेस्टीभलमा पनि नोमीनेसनमा परेका थिए । मुख्य रुपमा मुम्बईलाई आफ्नो कर्म थलो बनाएको भएपनि नेपालमा पनि करिब एक दर्जन विज्ञापन तथा केहि म्यूजिक भिडियोहरु खिचिसकेका छन् भने माओवादी द्वन्दको बेला भएको विभिन्न सम्स्या तथा घटनाहरु समेटेर सर्ट फिल्म सुर्खेत पनि खिचिसकेका छन् । मधेशको राजनीति तथा इतिहासलाई समेटेर 'ब्लाक बुद्ध' नामक डकुमेन्ट्री पनि आफ्नै निर्देशनमा बनाएका छन् । जसलाई अन्तराष्ट्रिय स्तरको फेस्टीभलमा पठाउने तयारी पनि गरिरहेको कुरा शुक्लाले जानकारी गराएका छन् ।

# मजदूर नआउँदा ४० प्रतिशत इँटा उद्योग बन्द

काठमाडौं । कोभिड-१९ का कारण देशभरका ४० प्रतिशत इँटा उद्योग बन्द भएका छन् । कोरोनाका कारण भारतीय मजदुर ल्याउन नसक्दा उद्योग बन्द भएका हुन् । निजी तथा सरकारी निर्माण कार्य प्रभावित भएसँगै इँटाको माग घट्दा व्यवसायी उद्योग सञ्चालन गर्नेतर्फ निरुत्साहित बनेका छन् ।

नेपाल इँटा उद्योग महासङ्घका अध्यक्ष महेन्द्रबहादुर चित्रकार इँटा उद्योगीले कोभिडकै कारण अर्बौं रकम गुमाएको बताउँछन् । गत वर्ष ढिलोसम्म पानी परिरहेकाले धेरै इँटा नोक्सान भएको थियो । इँटा बन्ने समयमा कोभिडको प्रभावका कारण व्यवसायी धरासायी भएको उनको भनाइ छ । चित्रकारले भने, '४० प्रतिशत उद्योग अहिले पनि बन्द छन् । चलेका उद्योग पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् ।' इँटा उद्योग आत्मनिर्भर भए पनि मजदुर भने भारतीयमा निर्भर हुनुपर्ने बाध्यता छ । गत वर्षहरुको तथ्याङ्कलाई हेर्दा ६६ प्रतिशत मजदुर भारतीय हुने गरेका छन् । उद्योगीले उद्योग सञ्चालन गर्न नसक्नुको पछाडि भारतीय मजदुर र लगानीयोग्य पूँजीको अभाव भएको उनको भनाइ छ ।

भारतीय मजदुर आउन चाहेका छैनन् भने ल्याउने अवस्था पनि कठिन भएको उनी भन्छन् ।

नेपालमा वार्षिक तीन अर्ब वटा इँटा उत्पादन हुने सङ्घको तथ्याङ्क छ । देशभरमा एक हजार ८०० उद्योग रहेका छन् । नेपालका ३३ जिल्लाका व्यवसायी सङ्गठित छन् । हालसम्मको तथ्याङ्कलाई हेर्दा रौतहटमा सबैभन्दा बढी १६० वटा उद्योग छन् ।

## भारतसँग मल ल्याउन सम्झौताको तयारी

काठमाडौं । रासायनिक मल अभाव हटाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयले भारतसँग पाँच वर्षका लागि जीटूजी (सरकार-सरकार) सम्झौता गर्ने तयारी गरेको छ । बर्सेनि सिजनकै मुखमा भइरहेको अभाव घटाउन भन्दै मन्त्रालयले भारतसँग जीटूजी सम्झौताका लागि छलफल अघि बढाएको छ । यसअन्तर्गत दुई देशबीच सहसचिवस्तरीय वार्ता भइसकेको मन्त्रालयले जनाएको छ । 'प्रारम्भिक चरणमा सहसचिव स्तरमा छलफल भएको छ । हामीले विषयगत जानकारी गराएका छौं, भारतीय टोलीले छलफल गरेर थप जानकारी गराउने बताएका छन्,' कृषि मन्त्रालयका प्रवक्ता श्रीराम घिमिरेले भने, 'पछि सचिव तहमा छलफल हुन्छ । त्यसपछि मन्त्रिपरिषद्बाट निर्णय हुन्छ ।' समयमै टेन्डर नहुँदा हरेक वर्ष मल अभाव भइरहेको छ । त्यसको मौका उठाउँदै कृत्रिम अभावसमेत हुने गरेको छ । यी समस्या समाधान गर्न जीटूजी आवश्यक रहेको कृषि मन्त्रालयका सचिव योगेन्द्रकुमार कार्कीले बताए । मलको सुनिश्चितता गर्न जीटूजी आवश्यक रहेको उनको भनाइ छ ।

# राष्ट्रपति र प्रधानमन्त्रीद्वारा शुभकामना



काठमाडौं । भारतको गणतन्त्र दिवसको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री केपी शर्मा ओलीले हार्दिक शुभकामना व्यक्त गरेका छन् । राष्ट्रपति भण्डारीले आफ्ना भारतीय समकक्षी रामनाथ कोविन्द र प्रधानमन्त्री ओलीले आफ्ना समकक्षी नरेन्द्र मोदीलाई आज बेग्ला-बेग्लै शुभकामना सन्देश पठाउँदै शुभकामना एवं बधाई ज्ञापन गरेका छन् ।

सन्देशमा राष्ट्रपति भण्डारीले भारतका राष्ट्रपतिको व्यक्तिगत सुख सुस्वास्थ्यका साथै भारतका जनताको शान्ति र प्रगतिको कामना गरिएको छ । उनले शताब्दीऔं पुरानो बहुआयामिक नेपाल-भारत सम्बन्ध आगामी दिनमा अझ सुदृढ हुने विश्वास सन्देशमा उल्लेख गरेकी छन् ।

त्यस्तै, प्रधानमन्त्री ओलीले प्रधानमन्त्री मोदीलाई पठाएको सन्देशमा भारतका जनताको निरन्तर शान्ति, प्रगति र समृद्धिको कामना गरेका छन्। मैत्री, समानता, सहयोग र पारस्परिक सम्मानमा आधारित बहुआयामिक एवं सुमधुर सम्बन्धको स्मरण गर्दै प्रधानमन्त्री ओलीले विज्ञान, प्रविधि, चिकित्सा र आर्थिक विकासमा भारतले गरेको चमत्कारपूर्ण योगदानको प्रशंसा गरेका छन्। उनले कोभिड-१९ विरुद्धको १० लाख मात्रा खोप नेपाललाई अनुदानस्वरुप उपलब्ध गराएकामा हार्दिक कृतज्ञतासमेत ज्ञापन गरेका छन् ।

## काठमाडौंमा भारतीय सेना दिवस मनाइयो



काठमाडौं । ७३औं भारतीय सेना दिवसको अवसरमा गत बुधबार नेपालस्थित भारतीय राजदूतावासले एक कार्यक्रमको आयोजना गरी मनाएको छ । सो कार्यक्रममा भारतीय सेनाका मानार्थ महारथी तथा 'प्रसिद्ध प्रवल जनसेवा श्री' बाट सम्मानित नेपाली सेनाका प्रधान सेनापति पूर्णचन्द्र थापा प्रमुख अतिथिका रुपमा उपस्थित थिए । उक्त कार्यक्रममा नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले भारतीय र नेपाली सेनाबीच ऐतिहासिक सम्बन्ध रहेको र यसले दुवै देशलाई भातृत्व सम्बन्धको कसिलो बन्धनमा बाँधेको बताएका थिए । उनले भारतीय सेनामा गोरखा सैनिकहरुले देखाएको निःस्वार्थ सेवा तथा बलिदानीप्रति कृतज्ञता व्यक्त गरेका थिए । उनले अवकाश प्राप्त पेन्सनवाला भारतीय सैनिक तथा नेपालमा बसोबास गरिरहेका उनीहरुको परिवारहरुको सेवा गर्न भारत सदैव प्रतिबद्ध रहेको कुरा दोहोऱ्याएका थिए । 'प्रसिद्ध प्रवल जनसेवा श्री' बाट सम्मानित नेपाली सेनाका प्रधान सेनापति पूर्णचन्द्र थापाले भारतीय सेना दिवसको अवसरमा भारतीय सेना प्रमुख जनरल एमएम नरवणेलाई शुभकामना सन्देश दिएका थिए । उनले भारतीय सेनाको वीरता, साहस र त्यागको प्रशंसा गर्दै भारतीय सेनाले नेपाली सेनाको आधुनिकिकरणमा पुऱ्याएको सहयोगको सराहना गर्नुभयो। यस अवसरमा भारतीय सेनाका वीरता पुरस्कार विजेता गोर्खा सैनिकहरुलाई महारथी थापाले सम्मान गरेका थिए ।

## आर्थिक समाचार

### आइएमई र यूनिमोनीबीच सम्झौता

काठमाडौं । रेमिट्यान्स सेवा प्रदान गर्दै आइरहेको कम्पनी यूनिमोनी कतार र नेपालको अग्रणी विप्रेषण सेवा प्रदायक आइएमई लिमिटेड र आइएमई लिमिटेडको डिजिटल भुक्तानी सेवा प्रदायक आइएमई पेबीच पीटुपी मनी ट्रान्सफरको लागि समझदारी गरेको छ । समझदारीपछि यूनिमोनी कतार मार्फत रेमिट्यान्स गर्ने नेपाली नागरिकले सिधैं प्रापकको आइएमई पे वालेटमा रकम प्राप्त गर्न सक्नुहुनेछ । यो सम्झौतापछि यूनीमोनी कतारबाट नेपालको आइएमई पे मा सिधैं पैसा पठाउने पहिलो एक्सचेन्ज हुनेछ । यो समझदारी डिजिटल ट्रान्सफरमेसनमा दुवै कम्पनीका लागि अर्को महत्त्वपूर्ण फड्को हो । यसबाट कतारमा रहेका आफ्ना सेवाग्राहीहरूलाई डिजिटल प्लेटफर्ममा जोडिने अवसर प्रदान गरेको छ । यस अवसरले सेवाग्राहीहरूलाई यूनिमोनी कतारबाट पठाएको रेमिट्यान्स नेपाल स्थित आइएमई पेमा सोझै प्राप्त गर्न सकिने नयाँ सुविधा प्रदान गरेको छ ।

### मोरङ अटोवर्क्सबाट लिएको अटोलोनको भुक्तानी खल्ती वालेटबाटै

काठमाडौं(मोरंग अटोवर्क्सबाट सवारी साधन खरिद गर्ने ग्राहकले अटोलोनको भुक्तानी खल्ती वालेटबाटै गर्न सक्ने भएका छन् । ग्राहकले खल्ती एपको इएमआइमा गएर मोरंग अटो वर्क्स (एमएडब्ल्यु) इन्भेष्टमेन्टमा किस्ता रकम, ग्राहकको नाम, ऋण शाखा, सवारी साधन नम्बरलगायतका विवरण भरेपछि बैंक खाताबाट सिधै खल्ती मार्फत रकम भुक्तानी गर्न सकिने छ । खल्तीले यस्तो सुविधा उपलब्ध गराएपछि मोरंग अटोवर्क्सबाट सवारी साधन किन्ने ग्राहकलाइ निकै सहज बनाएको छ । खल्ती डिजिटल वालेट नेपालको लोकप्रिय पेमेन्ट गेटवे हो, जसको उद्देश्य प्रयोगकर्ताको समय बचत गरी भुक्तानी र बैंकिंग कारोबार सहज साथै सरल गर्नु हो । 'खल्ती' वालेटको प्रयोग गरी ६०ं बैंकमा पैसा पठाउन सकिने साथै मोबाइल रिचार्ज, बिजुली, पानी, इन्टरनेट तथा डीटीएचको बिल भुक्तानी, फिल्म, प्लेन, इभेन्ट्स को टिकट खरिद, होटेल रुम बुकिङ गर्ने, इ-कमर्समार्फत किनिएको सामानको भुक्तानी गर्ने, दैनिक पत्रिकाहरुको ग्राहक-शुल्क तिर्ने, सरकारी कर तथा सेवा शुल्क तिर्ने जस्ता धेरै सेवाहरु लिन सकिन्छ । साथमा भुक्तानीमा पाइने क्यासब्याकको फाइदा उठाई रकम बचत गर्न पनि सकिन्छ। 'खल्ती'का प्रयोगकर्ताहरुको संख्या १४ लाखभन्दा बढि छन् ।

### खल्ती डिजिटल वालेट चौथो बर्षमा

काठमाडौं( लोकप्रिय पेमेन्ट गेटवे खल्ती डिजिटल वालेट चौथो बर्षमा प्रवेश गरेको छ । खल्तीले प्रयोगकर्ताको समय बचत गरी भुक्तानी र बैंकिंग कारोबार सहज र सरल बनाउँदै आएको छ । सुरू गरेको तीन बर्षमै खल्ती वालेटका १४ लाखभन्दा बढी प्रयोगकर्ता भएका थिए। 'खल्ती' वालेटको प्रयोग गरी ६० भन्दा बढी बैंकमा पैसा पठाउन सकिन्छ । यसको प्रयोग गरेर मोवाइलबाटै मोबाइल रिचार्ज, बिजुली, पानी, इन्टरनेट तथा डीटीएचको बिल भुक्तानी, फिल्म, प्लेन, इभेन्ट्सको टिकट खरिद, होटेल रुम बुकिङ गर्ने, इ-कमर्समार्फत किनिएको सामानको भुक्तानी गर्ने, दैनिक पत्रिकाहरुको ग्राहक-शुल्क तिर्ने, सरकारी कर तथा सेवा शुल्क तिर्ने जस्ता धेरै सेवाहरु लिन सकिन्छ । खल्तीबाट रकम भुक्तानी गर्दा क्यासब्याक समेत पाइन्छ । यसले गर्दा ग्राहकको नगदको बचतसमेत हुन्छ । खल्तीले बार्षिकोत्सवका अवसरमा प्रवर्धनात्मक योजना सुरू गरेको छ । यस योजना अन्तर्गत कुल १६ जना प्रयोगकर्ताले ४ हप्तासम्म ४ ओटा सुविधा मध्य कुनै एकको भुक्तानी गरी सहमागी भएर निम्न उपहार जित्न सक्नेछन्।

## नेपाललाई जीटुजी मोडलमा रासायनिक मल दिन भारत सहमत

काठमाडौं । नेपालसँग गभर्नमेन्ट टु गभनर्मेन्ट 'जीटुजी' (सरकारी स्तरको) समझदारी गरेर रासायनिक मल बिक्री गर्न भारत सहमत भएको छ । गत माघ २ गते भारतमा सम्पन्न नेपाल भारत संयुक्त आयोगको बैठकमा नेपालले राखेको मल खरिदमा जीटूजी गर्ने प्रस्तावमा भारतले सहमति जनाएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । अहिले ग्लोबल टेण्डर मार्फत नेपालले मल खरिद गरिरहेको छ ।

तीन वर्षअघि नै भारतसँग मल खरिदका लागि जीटूजी मोडल प्रस्ताव गरेपनि अहिले बल्ल समझदारी बनेको कृषि सचिव डा. योगेन्द्रकुमार कार्कीले बताए । 'परराष्ट्र मन्त्रीस्तरीय बैठकमा भारतले नेपाललाई मल दिन सहमति जनाएको छ, हामीले जीटूजीको मोडल बनाउन तयारी थालेका छौं,'सचिव कार्कीले भने । जीटूजीमा मल खरिदबारे भारतसँग भएको समझदारी कार्यान्वयन गर्न परराष्ट्रमार्फत कृषि मन्त्रालयलाई पत्राचार भएको पनि सचिव कार्कीले बताए । भारतले कति परिमाणमा नेपाललाई मल उपलब्ध गराउने र त्यासको प्रक्रिया के हुने भन्नेबारे मन्त्रालयले प्रारम्भिक चरणको छलफल सुरु गरिसकेको बताएको छ । हाल पेट्रोलियम पदार्थ खरिदकै मोडलमा मल खरिद गर्ने गरी भूसालले भारत, चीन, ओमन, संयुक्त अरब इमिरेट्स लगायतका मुलुकसंग परामर्श सुरु गरेका थिए ।

## एक... स्मृतिमा...

व्यापारमा अवरोध पुऱ्याएको छ । यो अवरोधलाई अघोषित नाकाबन्दीका रूपमा बुझ्नुपर्ने व्यवसायीहरुको भनाइ छ । चीनको नीतिका कारण व्यवसायीहरु सडकमा आइपुगेका छन् भने अर्बौ रुपैयाँ घाटा खानु परेको छ ।

विभिन्न दलका नेता, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भन्सार विभाग, परराष्ट्र मन्त्रालयलाई यो विषयमा जानकारी भएपनि कसैले आवाज उठाएको छैन ।

चीनसँगको द्विपक्षीय व्यापारका विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय दिक्क देखिएको छ । पटक-पटकको छलफलपछि पनि अवस्थामा सुधार नआएपछि विभागीय मन्त्री लेखराज भट्टले असन्तुष्टि व्यक्त गरेका छन् ।

थिए ।

२०१८ साल माघ ९ गते रामजानकी विवाहपञ्चमीका दिन राजा महेन्द्रको जनकपुर भ्रमणको कार्यक्रम तय गरिएको थियो । नेपाली कांग्रेसले राजा महेन्द्रमाथि आक्रमण गर्ने योजना बनाएको थियो । सोही योजना अनुसार दुर्गानन्द झा, शिवचन्द्र मिश्र र अरविन्द ठाकुरलाई राजा महेन्द्र माथि ग्रिनेट बम प्रहार गर्ने जिम्मेवारी दिएर खटाइएको थियो । अरविन्द ठाकुरलाई जनकपुर विमान स्थल, शिवचन्द्र मिश्रलाई जनकपुरको रंगभुमि मैदान र दुर्गानन्द झालाई जानकी मन्दिरमा बम दिएर कांग्रेसले आक्रमणका लागि परिचालित गरेको थियो ।

अरविन्द ठाकुर जनकपुर विमान स्थलमा नै बम सहित समातिए । ल्याण्ड रोभर गाडीमा राजा महेन्द्र जानकी मन्दिरमा पुगे । जानकी मन्दिरको कम्पाउण्डमा आउने वित्तिकै दुर्गानन्द झाले बम प्रहार गरे । त्यसक्रममा त्यहाँ ठूलो धमाका भयो । बम राजाको गाडीमा लाग्यो । तर बम कसले प्रहार गर्‍यो कसैलाई थाहा हुन सकेन ।

राजा महेन्द्रलाई कुनै पनि किसिमको क्षति त भएन तर गाडी क्षतिग्रस्त भयो । सयौं सुरक्षाकर्मी तैनाथ रहँदा रहँदै क्रान्तिकारी युवक पक्राउ नपर्दा पनि त्यो राति दुर्गानन्द जनकपुर धामको एउटा कुटी मन्दिरमा डेरा गरी बसेका आफन्तहरु हेमचन्द्र चौधरी र भोगेन्द्र चौधरी बसेको कोठामा बसे । भोलिपल्ट त्यहाँबाट उभगाँव लागेका थिए ।

यता नेपालमा बम काण्डको अनुसन्धानको नाममा ५६ जनालाई पक्राउ गरी दिनहुँ कुटपिट गरी बम प्रहार गरेको सकार गराउन दुष्प्रयास भइरहेको थियो । पक्राउ परेकाहरुलाई निर्मम यातना दिन थालियो । बम प्रहार गरी सीमापारी नेपाली कांग्रेसको छतौनी क्याम्पमा बसेका दुर्गानन्दले निर्दोष मानिसले यातना पाइरहेको सुनेर एक दिन अनायास भारतको जयनगरबाट रेल चढी नेपाल फर्केर उनले गिरफ्तारी दिए । आफ्नो कारण निर्दोष नागरिकहरुले यातना पाउनु हुँदैन भन्ने सोचका साथ उनले गिरफ्तारी दिएका थिए ।

राजामाथि बम प्रहार गर्ने दुर्गानन्दलाई खजुरी र महिनाथापुर स्टेशनसम्ममा कसैले केही गरेन । तत्कालिन एस.पी. मानबहादुर राई दर्जनौं प्रहरीको साथ परवाहा रेल्वे स्टेसनमा पुगे । त्यहाँ रेल गाडिबाट ओर्लनासाथ दुर्गानन्दलाई प्रहरीले घेरामा लिई त्यो राति जलेश्वर जेलमा राख्यो । भोलिपल्ट परकौली सैनिक ब्यारेकमा ल्याई हेलिकप्टरबाट काठमाडौं सुन्धारास्थित भद्रगोल जेलमा ल्याइयो ।

गिरफतारी दिएलगतै उनीमाथि राजद्रोहको मुद्दा चलाइएका थियो । र, पञ्चायत सरकारले उनलाई मृत्युदण्डको सजाय तोकी २०२० साल माघ १५ गते उनलाई फाँसीमा झुन्ड्याइएको थियो । दुर्गानन्दलाई जेलको कारखानामा लगेर रुखमा दुईपटक झुन्ड्याउँदा पनि नमरेपछि गोली हानी हत्या गरिएको थियो ।

सफाईको मौका समेत नदिएर शाही शासकले २०१९ साल भदौ १९ मा दुर्गानन्द झालाई मृत्युदण्डको निर्णय सुनायो । त्यसबेलासम्म नेपालमा ब्राहमणलाई मृत्युदण्ड दिइँदैन थियो । त्यसैले मुलुकी ऐन २०२० भदौं १ मा संशोधन गरियो । विशेष अदालतको अनुमोदनअनुसार मारिकाटी दिने राजदरबारको २०२० पुस ७ को पत्र जारी भयो । भोलिपल्ट माघ १५ गते राति दुर्गानन्दलाई त्रिपुरेश्वर जेलको रुखमा दुईपल्ट झुण्डयाउँदै उतार्दै गरिएको थियो । त्यसबखत पनि दुर्गानन्दलाई माफि मागि बिन्तीपत्र लेख भनिएको थियो ।

राजदरबारबाट पुष १० गते जारी गरिएको पत्र अनुसार दुर्गानन्द झालाई मारिकाटि दिने सँगै अरविन्द ठाकुर र दलसिंह थापाको मृत्यु दण्डको सजायलाई आजिवन कारावासको रुपमा परिवर्तित गरिएको थियो ।

२०२० माघ १५ क्रान्तिकारी दुर्गानन्दलाई सुन्धारा जेलमा मध्यरातिमा मृत्युदण्ड दिन ढोका खोल्दा त्यो निर्भीक क्रान्तिकारी मृत्युका लागि तयार थिए । नेपालको इतिहासमा फाँसीको सजाय पाउने एक मात्र ब्राहमण दुर्गानन्द झा नै हुन् । यसअघि र पछि कुनै ब्राहमणलाई मृत्युदण्डको सजाय दिइएको देखिन्न ।

२०४६ सालको लोकतन्त्र स्थापना पछि दुर्गानन्दको जन्मथलो जटही पुगेर उनीप्रति सम्मान प्रकट गर्ने नेपाली कांग्रेसका नेताहरुको ओइरो नै लागेको थियो । गणेशमान सिंहले त जटहीको धुलोलाई पवित्र चन्दन भनेर शीरमा टीकासमेत दलेका थिए । तर विगतमा सबभन्दा बढी सत्ता सञ्चालनको अवसर पाएको नेपाली कांग्रेसले समेत दुर्गानन्दलाई न्याय दिलाउने आँट देखाउन सकेन ।





# हार्दिक मंगलमय शुभकामना



छिमेकी मित्रराष्ट्र भारतको **७२औं गणतन्त्र दिवस**को उपलक्ष्यमा सम्पूर्ण भारतीय जनता, भारत सरकार र नेपालस्थित दूतावासप्रति हार्दिक मंगलमय शुभकामना ।

**मधेशवाणी परिवार**


मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं